## अध्ययन -एक

## अध्ययन पत्रको परिचय

### १.१ अध्ययन पत्रको शीर्षक

प्रस्तुत अध्ययनपत्रको शीर्षक "फलेवास क्षेत्रका प्रचलित लोकगीतको अध्ययन" रहेको छ ।

### १.२ अध्ययन कार्यको प्रयोजन

प्रस्तुत अध्ययन पत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दशौं पत्र (५४०-६) को पूर्णता गर्नु रहेको छ ।

### १.३ समस्या कथन

प्रस्तुत अध्ययन कार्यका लागी समस्यालाई तीन वटा वुँदामा समेटिने छ । ती यस प्रकार छन् ।

(क) पर्वत जिल्ला फलेवास क्षेत्रमा कुन कुन लोकगीत प्रचलित छन् ?

(ख) पर्वत जिल्ला फलेवास क्षेत्रमा प्रचलित लोकगीतलाई कसरी वर्गीकरण गर्न सकिन्छ ?

(ग) फलेवास क्षेत्रका प्रचलित लोकगीतहरुमा के कस्ता विषयवस्तु भाग पाइन्छ ?

### १.४ अध्ययनको उदेश्य

प्रस्तुत पत्रको उदेश्यलाई तीनवटा वुँदामा समेटिने छ । ती निम्न अनुसार छन् ।

(क) पर्वत जिल्ला फलेवास क्षेत्रमा प्रचलित लोकगीतहरुलाई संङ्कलन गर्नु,

(ख) संङ्कलित लोकगीतहरुको वर्गीकरण गर्नु ,

(ग) संङ्कलित लोकगीतहरुको विवेचना गर्नु ?

## १.५ पूर्वकार्यको समीक्षा :

सवैभन्दा पहिले लोकगीतको तथा लोक साहित्य सम्वन्धी चर्चा मानिसहरु अलिखित रुपमा गर्थे । लिखित लोक साहित्यको प्रचलन भन्दा अगाडि मौखिक रुपमा एक पुस्तावाट अर्को पुस्तामा लोकसाहित्य हस्तान्तरित हुदै गयो । धेरै पहिलेदेखि अलिखित लोक साहित्य सम्वन्धी विषयमा चर्चा,परिचर्चा गर्ने काम हुँदै आउँदा वौद्धिक रुपमा अध्ययन गर्ने यसका विधाहरुवारे वोल्ने र चिन्तन गर्ने कार्य धेरै पछिवाट मात्र सुरु भयो । वि.स.२००७ सालमा देशमा राजनैतिक परिवर्तन भयो । लोक साहित्यको संकलन र अध्ययन अनुसन्धान गर्ने कार्यमा पनि विस्तारै तीव्रता आउन थाल्यो । लोक साहित्यको चर्चित विधा लोकगीतको अध्ययन र अनुसन्धानमा विभिन्न विद्धान्हरुले चर्चा गर्न थाले । यसै अनुरुप वि.स.२००७ साल चैत्र २० गते नेपाल रेडियोको स्थापना भयो । यसपछि संचारको माध्यमवाट लोकगीतले फड्को मार्न थालेको पाइन्छ । यसपछि त झन् २०१० मा लोकगीतको संग्रहालय नै स्थापना भयो । यस संग्रहालयले लोकगीतको संकलन र संरक्षण तथा संवर्द्धनका लागि निकै सहयोग पुर्‍यायो ।संस्थागत रुपमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान,संस्कृति विभाग,म्युजिक नेपाल जस्ता संस्थाहरुले लोकगीतको संकलन र सम्वर्द्धनको अध्ययन र अनुसन्धान गर्ने कार्यमा लागे । त्रि.वि.नेपाली विभागले पनि लोकगीतको संकलन र अध्ययन कार्यमा सहयोग पुर्‍यायो । त्यस्तै त्रि.वि.अन्तर्गतका क्याम्पसहरुले स्नातकोत्तर तहको नेपाली विषय पढाई हुने क्याम्पसहरुका नेपाली विभागले पनि लोक साहित्यको अनुसन्धानका क्रममा लोकगीत अध्ययनको कार्यलाई अंगालेका छन् । नेपाली लोकगीतमा केन्द्रित भई विद्यावारिधि उपाधि प्राप्त गर्ने व्यक्तिहरुले पनि नेपाली लोकगीतको अध्ययन परम्परालाई विकसित तुल्याउदै लगेका छन् । यस्तो परम्परा पर्वत जिल्ला फलेवास क्षेत्रमा प्रचलित लोकगीतका वारेमा तोकेर अध्ययन गरिदिएको नपाइएकाले अध्ययनको क्रममा राख्ने कोशिस गरिएको छ । यस क्षेत्रमा प्रचलित लोकगीतका शीर्षकसंग मिल्ने शीर्षकमा लोकगीतवारे निकै कृतिहरुमा चर्चा र विश्लेषण भने गरेको पाइन्छ । त्यस्ता कृतिहरु मध्ये उल्लेख गर्नु पर्ने रचनालाई यहाँ कमवद्ध प्रस्तुत गरिएको छ ।

धर्मराज थापाले गण्डकीका सुसेली २०३०,नामक पुस्तकमा नेपालको गण्डकी, धवलागिरी र लुम्विनी क्षेत्रमा प्रचलित लोकगीतमा विभिन्न भेदको चर्चा गरेका छन् । ( थापा,२०३०:४१)। त्यस क्रममा यस पर्वत जिल्ला फलेवास न.पा.क्षेत्रमा लोकगीत वारे चर्चा गरिएको छैन ।

धर्मराज थापाले र हंसपुरे सुवेदीले नेपाली लोक साहित्यको विवेचना २०४१,मा लोक साहित्यलाई छ खण्डमा विभाजन गरी अध्ययन गरेका छन् । यस कृतिको दोस्रो खण्डमा नेपाली लोकगीतको वारेमा चर्चा गरिएको छ । जस अन्तर्गत सामान्य लोकगीत,संस्कार गीत,व्रतगीत,ॠतुगीत,कर्मगीत,पर्वगीत,र विविध गीत पर्दछन् भनी उल्लेख गरिएको छ । धर्मराज थापा र हंसपुरे सुवेदीका गीतहरु सालैजो ,चुड्का,रत्यौली र बालगीत आदि गीतको उदाहरण सहित चर्चा गरिएको भएपनि यस क्षेत्रमा प्रचलित लोकगीतहरुको अध्ययन गरिएको छैन ।

गोविन्द आचार्यले "लोक गीतको विश्लेषण नामक" कृषिको खण्ड दुईमा लोकगीतलाई पाँच प्रकारमा विभाजन गरि उदाहरण समेत प्रस्तुत गरेका छन् । त्यस कृतिमा राप्ती क्षेत्र केन्द्रमा राखी त्यहाँ पाइने गीतहरुको चर्चा गरिएको छ यद्यपि यस पर्वत जिल्ला फलेवास न.पा.क्षेत्रमा प्रचलित गीतहरुको चर्चा गरिएको छैन । (आचार्य, २०६२ :४०)

मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुईटेलको लोकवार्ता विज्ञान र लोक साहित्य २०६३ नामक पुस्तकमा लोकगीतलाई क्षेत्रीय,जातीय,उमेर,लिङ्ग,सहभागी,बनोट,प्रस्तुती विषय,आकार र समयका आधारमा गरी दश प्रकारमा वर्गीकरण गरिएको छ । झ्याउरे,खेली,सालैजो ,तीजे,भैलो ,देउसी,जेठे,असारे र रत्यौली जस्ता गीतहरु पर्वत जिल्ला फलेवास क्षेत्रमा अभिप्रेरित देखिन्छन् (शर्मा लुईटेल २०६३: ३०)।

## १.६ औचित्य

लोक साहित्यको प्रमुख विधा लोकगीत हो ।लोकगीतमा लोक जीवनका धर्म, संस्कृति, परम्परा, रहनसहन,सुखदुख जस्ता भाव व्यक्त भएका हुन्छन् । भौगोलिक विकटता र अध्ययन तथा अनुसन्धानको कमीले आज लोकगीत विस्तारै लोप हुँदै गएको छ । पर्वत जिल्ला फलेवास क्षेत्रमा क्षेत्रमा केन्द्रित भएर लोकगीतको अध्ययन अनुसन्धान भएको छैन र त्यसैलाई आधार मानी यहाँको लोकगीतको संकलन गरि वर्गीकरण र विश्लेषण गरिएको छ । यहाँका लोकगीतको संकलनले यस क्षेत्रको अध्ययनमा लाग्ने अध्येताका लागि केही सहयोग पुग्नेछ त्यसैले यो अध्ययन औचित्यपूर्ण रहने छ ।

## १.७ क्षेत्र र सीमा

पर्वत जिल्ला फलेवास न.पा.क्षेत्र गण्डकी प्रदेशको पर्वत जिल्लाको दक्षिण भेगमा पर्दछ । यस क्षेत्रमा पर्ने पहिलेका ११ वटा गा.वि.स.लाई समेटेर अहिले फलेवास न.पा.वनाईएको हुदाँ यहाँ नगरपालिकाका ११ वटा वडा छन् । यिनै साविक गा.वि.स.का हालका विभिन्न वडाहरुमा प्रचलित नेपाली लोकगीतहरुको अध्ययन गर्नु यस अध्ययन पत्रको क्षेत्र रहने छ । यही क्षेत्रका नेपाली भाषामा पाइने लोकगीतहरुको मात्र संकलन गरि तिनलाई निश्चित आधारमा वर्गीकरण र विश्लेषण गर्नु यस अध्ययन पत्रको सीमा रहने छ । यस पर्वत जिल्लामा अन्य शोधपत्रकर्ताहरुले विभिन्न विषयमा अध्ययन गरि शोधपत्र तयार गर्नु भएको छ । ज्ञानीराज गौतम्ले पर्वत जिल्लामा प्रचलित रोइला गीत..(अ),हेमराज शर्मा पौडेलले पर्वत जिल्लामा प्रचलित नेपाली उखानको संकलन(अ),भुपेन्द्र चापागाईले भूक क्षेत्रमा प्रचलित लोकगीतको संकलन,वर्गीकरण र विश्लेषण(अ),शान्ता कुमारी गौतमले मल्लाज क्षेत्रमा प्रचलित तीजेगीतको संकलन र अध्ययन (अ),पुष्पादेवी शर्मालें पर्वत जिल्लाको पकुवा गाविसका तीजेगीतहरुको संकलन,वर्गीकरण र विश्लेषण (अ),विष्णु पौडेलले धुवाँकोट क्षेत्रमा प्रचलित लोकगीतहरुको संङ्कलन वर्गीकरण (शो) समेतमा अध्ययन गरेको भएता पनि यस फलेवास क्षेत्रमा हाल सम्म कसैले यस विषयमा अध्ययन नगरेको भएकाले यस क्षेत्रमा प्रचलित लोकगीतहरुको अध्ययन गर्न लागिएको हो ।

## १.८ अध्ययन विधि

प्रस्तुत अध्ययनपत्र तयार पार्ने कममा निम्न लिखित दुईवटा विधि अंगालिएको छ ।

**सामाग्री संकलन विधि** : लोक साहित्यको अध्ययन गर्दा क्षेत्र कार्य आवश्यक हुन्छ । प्रस्तुत अध्ययनपत्र तयार पार्दा पर्वत जिल्ला फलेवास न.पा.क्षेत्रको धार्मिक,सामाजिक एंव सास्कृतीक कार्यसँग प्रत्यक्ष संलग्न भएर अध्ययन गर्नुपर्ने भएकोले क्षेत्रीय,विधिलाई प्रमुख रुपमा अपनाइएको छ । लोकगीतको परिचय एंव संङकलित लोकगीतको वर्गीकरण सैद्धान्तिक र विश्लेषणका लागी पुस्तकालयीय विधिको प्रयोग गरिने छ । गायन कार्यसंग संलग्न व्यक्तिसित प्रत्यक्ष सहभागी भएर अन्तरवार्ता लिएर गीत गाउन लगाएर तथा विभिन्न पर्व र मेलामा गएर गीतहरु संकलन गर्ने तथा जानकारी लिने काम गरिएको छ ।

**<u>विश्लेषण विधि</u>** : प्रस्तुत अनुसन्धान क्षेत्र कार्यका आधारमा सम्पन्न गरिने हुदाँ यसमा निगमनात्मक विधि प्रयोग गरेर तथ्य व्यवस्थापन गरिएको छ । कतिपय सैद्धान्तिक आधारमा आगमनात्मत विधि प्रयोग गरेर सिद्धान्तको स्वरुप चिनाइएको छ । वर्णनात्मक विश्लेष्णात्मक पद्धति अपनाई अध्ययन पत्रलाई तयार गरिएको छ ।

**१.९ अध्याय विभाजन :**

प्रस्तुत अध्ययन पत्रलाई सुव्यवस्थित रुपमा सम्पन्न गर्न निम्नानुसारका अध्यायहरुमा विभाजित गरि विषयको विश्लेषण गरिने छ ।

(क) अध्याय एक - अध्ययन पत्रको परिचय

(ख) अध्याय दुई - फलेवास न.पा.क्षेत्रको परिचय

(ग) अध्याय तीन - फलेवास न.पा.क्षेत्रका लोकगीतको सैद्धान्तिक परिचय

(घ) अध्याय चार - फलेवास न.पा.क्षेत्रका लोकगीतको परिचय र वर्गीकरण

(ङ) अध्याय पाँच - फलेवास न.पा.क्षेत्रका लोकगीतको विश्लेषण

(च) अध्याय छ - उपसंहार

# अध्याय - दुई

# फलेवास क्षेत्रको परिचय

## २.१ नामकरण

फलेवास क्षेत्रको नामाकरण वारेमा स्पष्ट परिभाषा पाइदैन । किम्वदन्तीका अनुसार फलेवास क्षेत्रमा वसोवास गर्ने केही जेष्ठ नागरिकहरुको मतमा भने एकरुपता पाइएको छ । मल्लकालिन अवस्थामा वाइसे चौविसे राज्य हुदा यो ठाउ एउटा अति महत्वपूर्ण रुपमा उत्तर दक्षिण हिड्ने महत्वपूर्ण वाटो भएको र यहाँवाट वाइसे चौविसे राज्यहरुमा लडाई लड्नको लागी रसद पानी लिएर मल्लराजाहरुले पर्वतको उत्तर तर्फ मल्लाज र दक्षिण तर्फ लुङखु वालाकोटका सेन राजाहरुले उकालो प्रमुख स्थान हो । यहाँ फलेवासको नामाकरण कसरी रहन गयो भन्दा यहाँ समथर जमिन रहेको वरिपरि फलफुलका वगैचा र प्रसस्त फलफुल पाइने भएकाले यहाँको नाम फलेवास रहेको भन्ने किम्दन्ती पाइन्छ । साथै यहाँ दुई तहको फलेक जस्तो तल्लो उपल्लो जमिनको सतह भएको हुदा सो आधारमा पनि यो स्थानको नाम फलेवास रहेको भनिन्छ । अर्को किम्वदन्ती अनुसार यहाँवाट उत्तरतर्फ थाकखोला र दक्षिण तर्फ वुटलौटी हालको वुटवलमा नुन लिन जादाँ भरिया बास बस्ने र यो ठाउँमा प्रयाप्त रुपमा पिउने पानी नभएको हुदाँ यहाँ वस्नेहरुले फालिएको बास भन्दा सो शव्द अपभ्रस भएर फलेवास नाम रहन गएको किम्वदन्ती रहेको  छ । यो ठाउँ अति रमणीय र सुन्दर रहेको छ ।

## २.२ फलेवास क्षेत्रको भौगोलिक अवस्था

साविक पश्चिमाञ्चल क्षेत्र हालको गण्डकी प्रदेशको पर्वत जिल्लाको २ नं क्षेत्र अन्तरर्गत पूर्वमा कार्टिनेटा हुँदै डहरेको लेक,स्याङजा जिल्ला संग जोडिएको र दक्षिण लुंखु वालाकोट महासिला गाउँपालिकासंग जोडिएको र पश्चिम कालिगण्डकी, उत्तरमा कुस्मा नगरपालिकाको मलाङदीखोलाको सिमाना भित्र पर्छ । समुन्द्री सतह देखी  ११०० सय मिटरमा अग्लो स्थानमा रहेको यस क्षेत्र भित्र साविक फलेवासका ३ गा.वि.स.खानीगाउँ ,देवीस्थान,मुडिकुवाका अतिरिक्त  हाल ८ वटा गा.वि.स.जोडीई अहिलेको फलेवास नगरपालिका वनाईएको छ । यस क्षेत्रवाट हिम श्रृङखला स्पष्ट रुपमा देखिने र जङगल, खोला तथा प्राकृतिक रुपमा विभिन्न जीवजन्तु,पशुपन्छी पाइने भएकोले यस क्षेत्र प्राकृतिक सम्पदाले भरिपूर्ण मानिन्छ ।

## २.३ फलेवास क्षेत्रका प्रसिद्ध तीर्थस्थल

फलेवास क्षेत्रभित्र  विभिन्न प्रसिद्ध तीर्थस्थल रहेका छन् । फलेवास न.पा.क्षेत्र भित्र रहेका तीर्थस्थलमा फलेवास न.पा.वडा न. ६ स्थित देवीस्थानमा दुर्गा भगवती मन्दीर,वडा नं.५ स्थित  खानीगाउँ चितिपानीमा ज्यामिरे भगवती, वडा नं.३ स्थित खनारकोटमा भुमे मन्दिर र वडा नं १ कार्किनेटाको लेकमा पर्ने डहरे देउरालीको निकै प्रसिद्ध मन्दिर रहेको छ । यस क्षेत्र संग जोडिएको कालीगण्डकी र मोदीखोलाका वीचमा मोदीवेणी पवित्र स्थल रहेको छ ।

## २.४ फलेवास क्षेत्रको हावापानी तथा जनसंख्या

यस फलेवास क्षेत्रको हावापानी वरिपरि डाँडाँले घरिएको र विचमा समथर भू-भाग भएको जमिनको सतह भएकाले यहाँ गर्मीमा ३२ डिग्री र जाडोमा १५ डिग्रीसम्म तापक्रम हुने समशितोषण प्रकारको हावापानी पाइन्छ । यस फलेवास नगरपालिकाको क्षेत्रफल ६५.७० वर्ग कि.मी.रहेको छ । यहाँको जनसख्या २०६८ सालको जनगणना अनुसार २४,६८७ रहको छ ।

## २.५ निष्कर्ष

यसरी हेदा यो फलेवास न.पा.क्षेत्र पवित्र तिर्थस्थल,हावापानी तथा जनसंख्याका आधारमा एउटा अनुपम सुन्दर र राम्रो भौगोगिक अवस्था भएको र सामाजिक मेलमिलाप एवं धार्मिक सहिष्णुतामा समेटिएको क्षेत्र देखिन्छ ।

यहाँका लोकगीतहरु भौगोलिक दृष्टिले नेपाली लोकगीत विकासमा लागि उल्लेखनीय योगदान पुर्‍याउन सफल भएको देखिन्छ । परापूर्वकालदेखि नै अनेकौ जातिको सभास्थल वनेको यस क्षेत्रले सजातीय र साझा संस्कार तथा संस्कृतिको आंशिक विकास गर्दै आएको छ । वस्तुत यस क्षेत्रमा लोकगीतलाई चार भागमा विभाजन गरि अध्ययन गरिएको छ । ती गीतहरुमा संस्कार गीत,कर्मगीत,पर्व गीत र वाह्रमासे गीतलाई प्राथमिक क्रमले वर्ग परिचय गराइएको छ । यी प्रकार्यका रुपमा विभाजन गरिएका चार प्रकारका गीतलाई पनि तिनका उप भेदमा छुट्याई अध्ययन एंव विश्लेषण गर्न सकिन्छ । यहाँका लोकगीतले विभिन्न लोक जीवनका सुख,दुख,प्रेम,रोदन,मिलन,विछोड, विरहका भावलाई गीतको माध्यमवाट व्यक्त गरेका छन् ।

# अध्याय तीन

## लोकगीतको सैद्धान्तिक परिचय

### ३.१ लोकगीतको परिचय

सामाजिक जनजीवनको ऐना साहित्य हो । साहित्यले सामाजिक जीवनको सुखदुख, आँसु,हाँसो ,दया माया आदिको चित्रण गर्दछ । लोक साहित्यका विविध विधा मध्ये उत्कृष्ट विधाको रुपमा लोकगीतलाई लिइन्छ ।लोकगीतका इतिहास वैदिक वाङ्मयको सामवेद सँग जोडिएको छ । ऐतिहासिक रुपमा लोकगीत सवैको जन जिव्रोमा झुण्डिदै आएको छ ।

लोकगीतले लोकको जनमानसको र सस्कृतिको प्रतिनिधित्व गर्दछ । लोकगीत जीवनको गीत हो । लोकमासद्धारा रचना गरिएका र जनताको जीवनसंग सम्वन्ध राख्ने गीत नै लोकगीत हो । यसमा नेपालीपनको यथार्थ अभिव्यक्तिको प्रस्तुति हुन्छ । कुनै पनि लोकगीतमा भाषाको आफ्नोपन, लोकपरिवेश,स्वतन्त्र अभिव्यक्तिका साथै सरल र सहज भाषाशैलीको प्रयोग हुन्छ ।

### ३.२ लोकगीतको सिद्धान्त

लोकगीत भनेको लोकसंस्कृती अन्तर्गत पर्ने लोकसाहित्यको एउटा प्रमुख भेद हो । यो लोकसमाजमा मौखिक परम्परामा जीवित हुन्छ । यसलाई लोक समाजमा विभिन्न उमेर समूह,जातजाती तथा भाषाभाषीका व्यक्तिले गाउँछन् । यसका विधिव भेद पाइन्छन् । त्यसैले यसलाई सर्वस्वीकृत परिभाषामा वाँधेर चिनाउन पनि कठिन भएको छ ।यो विधा घर,वन,पाखा,पखेरामा सर्वत्र सुन्न पाइन्छ । यसका झ्याउरे ,वालगीत गाइन्छन् भने कुनै भेद चाडपर्व एवं संस्कारमा मात्रै गाइन्छ । यसरी विभिन्न भेद उपभेदका रुपमा फैलिएको यस लोकगीतलाई चिन्न चिनाउनका निम्ति यसका सिद्धान्तका वारेमा जानाकारी लिनु सान्दर्भिक हुन्छ ।

लोकगीतको सिद्धान्तका वारेमा चर्चा गर्नुपर्दा यसको परिभाषा ,तत्व प्रकार र अन्य विधासंग यसको सम्वन्धका वारेमा प्रकाश पार्नु आवश्यक हुन्छ । त्यसैले यस अध्यायमा लोकगीतको परिभाषा,लोकगीतका तत्व ,लोकगीतका प्रकार र अन्य विधासंग लोकगीतका सम्वन्धका वारेमा चर्चा गरिदैछ ।

## ३.३ लोकगीतको परिभाषा

लोकगीतको परिभाषा विस्तृत आकृतीको रहेको छ । लोकगीतमा मानव जीवनका सुख,दुख,हाँसो,रोदन,आरोह र अवरोह जस्ता परिदृष्यहरु लयात्मक अभिव्यक्तिका माध्यमवाट प्रस्फुटन हुन्छन् । यो विधा लोकमा प्रचलित छ र प्राज्ञिक अध्ययन एंव अनुसन्धानको विषय पनि भएको छ । अध्ययन कर्ताहरुले लोकगीतलाई परिभाषामा वाँधेर चिनाउने प्रयत्न गरेका छन् । युगको परिवर्तन संगै लोकगीतमा पनि परिर्वतन आउने हुँदा ती परिभाषा युगको परिवर्तन संगै फरक फरक प्रकृतिका देखा पर्नु स्वभाविकै हो । त्यसैले लोकगीतलाई परिभाषित गर्ने क्रममा विभिन्न विद्धानहरुले आ आफ्ना धारणा राखेका छन् ।जस अनुसार केही परिभाषहरु यस प्रकार रहेका छन् ।

नेपाली वृहत् शव्दकोशमा जनसमाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीतलाई लोकगीत भनिएको छ ।(पोखरेल २०५८:११२)

चोखो लय र शव्द प्रभाववाट उठी जनजीवनलाई प्रभावित पार्ने तत्वको रुपमा लोकगीतलाई अर्थ्याउने गरिन्छ यसैकारण मानव सिर्जनाको पहिलो प्रस्फुटन नै लोकगीत हो भन्ने गरिन्छ -(थापा र सुवेदी ,२०३०:१०)

कृष्ण प्रसाद पराजुलीले लोकगीत लोक हृदयको स्वत स्फूर्त सुकोमल लयात्मक अभिव्यक्ति हो भनेका छन् । लोक जीवनको रागात्मक प्रवृत्तिका क्रममा मानव सभ्यता र संस्कृतीमा प्रकाश पार्दै मौखिक परम्परा जीवन्त रहेर जातीय जीवनलाई चिनाउदै लोकको साझा ढुकढुकी हुनु यसको गरिमा हो । पराजुलीका दृष्टिमा धर्तीका काखमा सुखदुख भोग्दै रमाएका असङ्ख्य जनताका ह्रदयमा कलकलाउने र तिनका सुरिला कण्ठमा सल वलाउने अविछिन्न तथा सहज गीति प्रवाह नै लोकगीत हो (पराजुली ,२०५७ :५)

कुसुमाकर न्यौपानेले आफ्नो एक गोष्ठी पत्रमा लोकगीतको परिभाषामा दिने काम गरेका छन् । उनका अनुसार लोकले मौखिक रुपमा जीवित राखेको लोक हृदयको स्वत स्पूर्त लयात्मक अभिव्यक्ति नै लोकगीत हो (न्यौपाने २०६८ :४)

माथि उल्लेख गरिएका परिभाषाहरु औल्याएका तथ्यहरुलाई मनन् गर्दै लोकगीतको परिभाषा दिनु पर्दा लोकगीत भनेको मौखिक लोक हृदयको स्वत स्फुर्त लयात्मक अभिव्यक्ति हो भन्न सकिन्छ ।

### ३.४ लोकगीतका तत्वहरु

लोकगीतलाई एउटा पूर्ण लोकगीतका रुपमा उभ्याउने अवयव वा अङ्गहरुलाई नै लोकगीतका तत्व भनिन्छ । राम्रो लोकगीत वन्नका लागि यसमा हुनुपर्ने सम्पूर्ण तत्वहरुको एक आपसमा समन्वय हुनुपर्दछ । लोकगीतको स्वरुप अनुसार यसका तत्वहरु फरक हुन सक्छन् । लोकगीतका तत्वहरुका सम्वन्धमा विद्वानहरुका अगल अलग मतहरु पाइन्छन् । यहाँ तिनै मतहरुलाई अगाडी उल्लेख गरेर लोकगीतका खास खास तत्व खुट्याउने काम गर्ने प्रयास गरिएको छ ।

कृष्णप्रसाद पराजुलीले लोकगीतका तत्वहरुलाई प्रमुख तत्व र सहायक तत्व गरी दुई भागमा छुट्टयाएर चिनाएका छन् । उनका अनुसार लोकगीतका प्रमुख तत्व अन्तर्गत संरचना, लय,गेयता,कथन पद्धति ,भाषा ,भाव तथा सहायक तत्व अन्तर्गत नृत्य र वाध्य राखेका छन् ( पराजुली,२०५७ : ७६) ।

चूडामणि वन्धुले उल्लेख गरे अनुसार कथा भाषा रचना वा पद , स्थायी र अन्तरा,रहनी वा कथन,लय र भाका नै लोकगीतका आधार तत्व हुन् । यी वाहेक नृत्य र वाद्यलाई पनि लोकगीतका तत्वमा राख्न सकिने धारणा उनको छ (बन्धु २०५८ :११५)

कुसुमाकर न्यौपानेले लोकगीतका ६ वटा तत्व हुन्छन् भनी चर्चा गरेका छन् । उनका अनुसार संरचना,कथा विषय,भाषा शैली,स्थायी,अन्तर,थेगो र लय नै लोकगीतका तत्वहरु हुन् ( न्यौपाने,२०६६ :६)

लोकगीतका अध्येताहरुले उल्लेख गरेका लोकगीतका तत्वहरुको अध्ययन गरेपछि लोकगीतका अनेकौ तत्वहरु भन्न सकिन्छ ,तापनि यहाँ लोकगीतका अति महत्वपूर्ण तत्वका रुपमा संरचना,भाव, लय र उद्धेश्य वारेमा परिचय गराउने कार्य गरिएको छ ।

### ३.४.१ संचरना

लोकगीतको एउटा तत्व त्यसको संरचना हो । संरचना भनेकोनै लोकगीतको वनोट हो । मौखिक रुपमा र स्वत स्फूर्तरुपमा कथिने वा भनिने प्रक्रिया नै संरचना हो । यो लोकगीतको मूल तत्व पनि हो । संरचनाका दृष्टिले लोकगीतका आन्तरिक र वाह्रय गरी दुई तह हुन्छन् । आन्तरिक संरचना वस्तुको सिलसिलावाट संयोजन गरिएको सारपूर्ण टुङग्याउनी हो । कथ्य एउटा मियोमा उनिदै र घुम्दै अन्तमा सारभुत वस्तु वा मर्म तर्फ केन्द्रित हुने प्रवृत्ति आन्तरिक संरचनामा हुन्छ । यसलाई गीतको सारका रुपमा लिईन्छ । वाह्य संरचना चाहि गीतको आवरण वा पहिरन हो,यो वर्ण,शव्द र अनुच्छेद हुदै सङ्कथन सम्म पुगेको हुन्छ ।

### ३.४.२ भाव

लोकगीतको आत्मा नै भाव हो । कुनै घटना, परिवेश वा अन्तरक्रियाद्धारा भावको सिर्जना हुन्छ र यसले नै लोकगीतमा प्राण भर्ने गर्दछ । मानिसले सुख र दुखको अनुभुति गर्दै कल्पनामा पनि विचरण गर्न पुग्दछ । यिनै सुख दुखका अनुभूतिले वहविलौना तथा इच्छाका भावनात्मक स्वरहरु अभिव्यक्त गर्दछन् र लोकगीतको जन्म हुन्छ । मानिसका हाँसो ,आँसु,सुखदुख ,तृष्णा,इच्छा आदि भाव लोकगीतमा प्रकट हुन्छन् ।लोकगीतको एउटा प्रमुख तत्वका रुपमा भावलाई लिने गरिएको छ । भावविना लोकगीतको कल्पना गर्न सकिदैन ।

### ३.४.३ लय

लोकगीतले अंगालेको गेयात्मक छन्दलाई लय भनिन्छ । लोकगीतको प्रमुख र महत्वपूर्ण एउटा तत्व लय हो । लय वर्ण एवं पदको आवृति आदिवाट उत्पन्न हुन्छ । लयद्धारा नै गीतलाई भावनात्मक गहिराईमा पुर्याएर रागात्मक अनुभूति प्रदान गर्ने काम गरिएको हुन्छ । लय पनि ठाउँ अनुसार परिवर्तन हुन सक्छ । लोकगीतमा स्थापित हुने लयले नै यसका निजी रुप, भाव,संवेग आवेगलाई सम्प्रेषित गर्ने काम गर्दछन् । लयविना लोकगीत वन्न सक्दैन ।

### ३.४.५ लोकगीतका विशेषता

लोकगीतका आफ्नै खालका विशेषताहरु छन् । ती विशेषता विभिन्न प्रकारका छन् । तिनलाई लोकगीतका अध्येताले आ आफ्नै ढङगले प्रस्तुत गरेका छन् । जानकारीका निम्ति विद्धानहरुले प्रस्तुत गरेका लोकगीतका विशेषतालाई यहाँ प्रस्तुत गरिएको छ ।

कृष्णप्रसाद पराजुलीले लोकगीतका सातवटा विशेषता छन् भनी उल्लेख गरेका छन् जस्तै अज्ञात रचयिता,सामूहिक भावभूमि,सहजता र स्वभाविकता , मौखिक परम्परा,मौलिकता र सरलता,कथनविविधता, स्वच्छन्दता ( पराजुली २०५७ :१३८-१४०) ।

चूडामणि वन्धुले रागात्मकता ,स्वतस्फूर्त अभिव्यक्ति एंव लयात्मक अभिव्यक्ति गरी तीनवटा विशेषता हुने कुराको संकेत गरेका छन् (बन्धु २०५८:११५)

कुसुमाकर न्यौपानेले लोकगीतका १२ वटा विशेषता छन् भनी चर्चा गरेका छन् ।उनका अनुसार मौखिक परम्परा, सामूहिक भावभूमि, सर्जक अज्ञात,अकृत्रिमता तथा यथार्थता, सरलता, लगायत विविधता, लोकतत्वको प्रयोग, संगीतात्मकता ,स्वतन्त्रता र स्वच्छन्दता संक्षिप्तता ,विर्षयगत विविधता ,पुनरावृत्ति आदि लोकगीतका विशेषाहरु हुन (न्यौपाने २०६६ :९ )

उल्लेखित यिनै वुँदाहरुलाई समेटेर लोकगीतका विशेषतालाई निम्न लिखित बुँदामा देखाउन सकिन्छ ।

### ३.५.१ अज्ञात रचयिता

लोकगीतको रचनाकार अज्ञात हुन्छ । कुन कलाकारले कहिले र कहाँ रचेको हो भन्ने थाहा हुदैन । लोकगीत प्राचीन कालदेखि मौखिक परम्परावाट सर्दै लोकले गाउदै आउँछन् । रचयिता नरहनु लोकगीतको विशेषता हो । लोकगीत लिपिवद्ध नहुने हुदाँ यसमा रचनाकारको महत्व गौण हुन्छ भने यस्ता गीत स्थान अनुसार परिवर्तन भइरहन्छन् ।

### ३.५.२ सामूहिकता

लोकगीत लोकजीवनमा सामुहिक भावभूमिमा आउने अभिव्यक्ति हो । यसको सम्वन्ध कुनै व्यक्तिको साझा सम्पति हो । जसले गाए पनि लोकगीतमा निहित हर्ष,उल्लास र पीडाका स्वरहरु समुहका स्वर भएर गुन्जछन् । यसमा सामाजिक मूल्य र मान्यता अभिव्यक्त गर्ने शक्ति रहेको हुन्छ । त्यसैले सामूहिकता पनि लोकगीतको एउटा विशेषता हो ।

### ३.५.३ लयात्मकता र सङ्गीतात्मकता

लोकगीत पूर्ण रुपमा लयात्मक र साङ्गगीतिक हुन्छ । यसको लयविधान साङ्गगीतिक र गायन स्वच्छन्द प्रकारको हुन्छ । एक्लै तथा समूहमा गाउन नसकिने रचनालाई लोकगीत

भनिदैन । श्रुतिमधुर लोकगीतले सङ्गीतको समुचित प्रयोग गर्छ । लोकगीतलाई बाँसुरी ,मादल,आदि विभिन्न वाद्ययन्त्रहरुका प्रयोगवाट सङ्गीतपूर्ण वनाइन्छ । त्यसैले लयात्मकता र संङ्गीतात्मकता पनि लोकगीतको एउटा विशेषता वनेर देखा परेको छ ।

### ३.५.४ सरलता र मौलिकता

लोकगीतका आफ्नै मौलिक विशेषताहरु हुन्छन् । यसमा कृत्रिम र आडम्वरयुक्त भाषाको प्रयोग नगरी ग्रामीण समुदायमा वोलिने सरल खालको भाषाको प्रयोग गरिएको हुन्छ । लोकमानसले पचाउने सरल एंव सरस लोकगीत नै प्रिय हुन्छन् । यसमा पाइने अनुप्रास,ध्वनिमय रुप वा स्वरुपले रागमय र लयदार भएर हृदयलाई छुन्छ । सजिलै भाव वुझ्न सकिने सरल र मौलिक हुनु लोकगीतको विशेषता हो ।

## ३.६ लोकगीतका प्रकार

लोकगीतका प्रकारका सम्वन्धमा विविधता पाइन्छ । विभिन्न विद्धानहरुले लोकगीतको वर्गीकरण विभिन्न किसिमले गरेका छन् । धर्मराज थापा हंसपुरे सुवेदीले सामान्यगीत ऋृत' वा व्रतगीत ,कर्मगीत,पर्वगीत,नृत्यगीत र विविध गरी लोकगीतका सात प्रकार उल्लेख गरेका छन् । कालीभक्त पन्तले लोकगीतलाई राष्ट्रभाषा स्तरीय, जिल्ला स्तरीय,जातिस्तरीय ,ऋृतुस्तरीय ,ग्रामस्तरीय,पर्वस्तरीय,लोकनाट्यस्तरीय,कार्यस्तरीय,जातिभाषास्तरीय गरि नौ भागमा वर्गीकरण गरेका छन् । चुडामणि वन्धुले लोकगीतलाई सहभागीताका आधारमा ,लय वा भावका आधारमा,प्रकार्यका आधारमा वर्गीकरण गरेर प्रकार्यको आधारलाई प्राथमिकता दिएका छन् । उनले प्रकार्य अन्तर्गत धार्मिकगीत, अनुष्ठानमूलक तथा संस्कारगीत ,ऋृतुगीत तथा पर्वगीत र श्रमगीत पर्ने कुरा वताएका छन् (वन्धु २०५० : १२१) । खगेन्द्र प्रसाद लुईटेल २०६३:७९) । यसरी विभिन्न विद्धानहरुका मतलाई समेटेर लोकगीतको वर्गीकरण निम्नानुसार गरि चर्चा गरिएको छ ।

### ३.६.१ जतिका आधारमा लोकगीतका प्रकार

कुनै जात जातिलाई प्रमुखता दिएर लोकगीतको प्रकार निर्धारण गरिन्छ भने त्यस्ता प्रकारहरु यस अन्तरगत पर्दछन् । जुन लोकगीत जुन जातिमा विशेष प्रचलित छ त्यसको

आधारमा नामकरण गरि यसका प्रकारहरु छुट्टयाइन्छ । यस आधारमा लोकगीतका प्रकारहरु यस प्रकार छन् ।

(क) बाहुन गीत (ख) गुरुङ गीत (ग) मगर गीत (घ) दुरा गीत (ङ) लिम्वु गीत (च) किराती गीत (छ) दुरा गीत (ज) गन्धर्व गीत (झ) दमाई गीत (ञ) वादी गीत (ट) शेर्पा गीत (ठ) तामाङ गीत (ड) नेवारी गीत (ढ) थारु गीत आदि ।

### ३.६.२ क्षेत्रका आधारमा लोकगीतका प्रकार

विशेषत कुनै क्षेत्रमा प्रचलित भएकै आधारमा त्यस ठाउँलाई प्राथमीकता दिएर लोकगीतको प्रकारको निर्धारण गरिन्छ भने त्यस्ता गीतहरु क्षेत्रीय लोकगीत हुन् । क्षेत्रका आधारमा नेपाली लोकगीतको वर्गीकरण यसरी गरिएको छ ।

(क) हिमाली लोकगीत (ख) पहाडी लोकगीत (ग) तराईमा गाईने लोकगीत (घ) पूर्वेली लोकगीत (ङ) पश्चिमेली लोकगीत (च) डोटेली लोकगीत (छ) पाल्पाली लोकगीत (ज) स्याङ्जाली लोकगीत (झ) धनकुटेली लोकगीत (ञ) तेह्रथुमे लोकगीत

### ३.६.३ सहभागिताका आधारमा लोकगीत प्रकार

लोकगीतको गायनमा संलग्न व्यक्तिको सहभागिता संख्यालाई प्रमुखता दिएर लोकगीतको प्रकारको वर्गीकरण गरिएका गीतहरु यस अन्तरर्गत पर्दछन् । सहभागीताका आधारमा लोकगीतको वर्गीकरण निम्नानुसार गरिएको पाइन्छ ।

(क) एकल लोकगीत घाँसे,फ्याउरे ,रोइला,शिशुगीत आदी ।

(ख) दोहोरी लोकगीत सालैजो ,ख्याली,असारे आदी ।

(ग) सामुहिक लोकगीत भैलो,देउसी,सँगिती,सैरेलो आदी ।

कुनै कुनै लोकगीतहरु एकल ,दोहोरी र सामूहिक रुपमा पनि गाउन मिल्ने खालका पनि छन् ।

### ३.६.४ विषयका आधारमा लोकगीतका प्रकार

गीतमा प्रस्तुत विषयलाई प्रमुखता दिएर पनि लोकगीतका प्रकारको निर्धारण गरिएको पाइन्छ । यस आधारलाई लोकगीतको वर्गीकरणको मुख्य र विभेदक आधार मानिन्छ । यसमा मानिसका रीतिस्थिती ,कर्म,व्यवहार दिनचर्या आस्था र विश्वास आदी विषयहरुलाई समावेश गरिएको हुन्छ । विषयका आधारमा नेपाली लोकगीतलाई निम्न प्रकारमा विभाजन गरेको पाइन्छ ।

(क) धार्मिक गीत यस अन्तर्गत व्रतगीत,भजनकीर्तन,आरती ,प्रार्थनागीत,मङ्गलगीत र देवीदेवता सम्वन्धी गीतलाई समावेश गरिएको पाइन्छ ।

(ख) संस्कारगीत यस अन्तर्गत संस्कारगीत र पर्वगीतलाई समावेश गरिएको पाइन्छ ।

(ग) श्रमगीत जेठे असारे,साउने,कात्तिके,दाईगीत आदीलाई यस वर्ग अन्तर्गत समावेश गर्न सकिन्छ ।

(घ) वाह्रमासे गीत बालगीत,गोठालोगीत,फ्याउरेगीत,दोहोरी आदी

(ङ) पर्वगीत तिजेगीत,देउसी,भैलो,मालश्री ,पागु आदी ।

### ३.७ निष्कर्ष

लोकसाहित्यका विधाहरुमध्ये लोकगीत एक प्रमुख विधा हो । लोकगीत के हो भन्ने सम्वन्धमा विभिन्न विद्धानहरुले विभिन्न तरिकारले परिभाषित गरेका भएपनि यसलाई एउटै परिभाषामा समेटेर परिभाषित गर्न कठिन छ तर पनि लोकगीतका विभिन्न परिभाषाको अध्ययन गर्दा यसको निष्कर्ष यस्तो निकाल्न सकिन्छ ।

लोक वा मानव हृदयका भावना वा विचारहरुलाई मौखिक रुपमा अभिव्यक्ति गर्ने लयात्मक,गेयात्मक र सामूहिक ,भाषिक प्रस्तुति नै लोकगीत हो जसले मानिसका सुख ,दुख,मिलन विछोड,हर्ष विस्मात,आदिलाई समेटेको हुन्छ । रचनाकार र रचनाकाल अज्ञात हुनु लयात्मक हुनु, मौखिक परम्परामा जीवन्त चल्नु,मौलिक र सरल हुनु स्वच्छन्दता,सामूहिकता आदी लोकगीतका विशेषताहरु हुन् ।यसका प्रमुख तत्वहरु

भाव,लय,भाषा गेयता र उद्धेश्य मानिन्छन् । लोकगीतलाई जातीय ,क्षेत्रीय, सहभागीताका र विषयका आधारमा वर्गीकरण गर्न सकिन्छ ।

## अध्याय चार

## फलेवास क्षेत्रका प्रचलित लोकगीतको परिचय तथा वर्गीकरण

लोक साहित्यको एउटा प्रमुख विधा लोकगीत हो । यसले असिमित क्षेत्रलाई समेटेको छ । त्यसैले लोकगीतलाई वस्तुगत रुपमा वर्गीकरण गर्न निकै कठिन हुन्छ । यद्यपि फलेवास क्षेत्रका लोकगीतको परिचय,सङ्कलन तथा वर्गीकरण यस अध्यायमा गरिएको छ ।

### ४.१ फलेवास क्षेत्रका लोकगीतको वर्गीकरण र परिचय

फलेवास क्षेत्रका समय समयमा विभिन्न प्रकारका लोकगीतहरुको गाइएको पाइएका छन् । विभिन्न अध्येताहरुले हरेक ठाउँमा रहेका लोकगीतको परिचय सँगै यस क्षेत्रको लोकगीतको परिचयलाई पनि विभिन्न भेदमा वर्गीकरण गरि अध्ययन गर्ने गरिएको पाइएको छ ।

लोक जीवनसँग गाँसिएको लोकगीतको क्षेत्र यति नै हुन्छ भनी हचुवाको तालमा किटान गर्न सकिदैन । त्यसैले लोकगीतलाई निश्चित वर्गमा विभाजन गरि अध्ययन गर्न पनि त्यति सजिलो पनि छैन । हिजोको एक प्रकारको लोकगीत आज अर्कै रुपमा परिणत हुँदै गएको देखिन्छ । तर्सथ समयको परिवर्तित गति सँगै लोकगीत पनि परिर्वतन हुदै आएको देखिन्छ । अत लोकगीतको वर्ग परिचयका निम्ति अध्ययनको सजिल्याइका निमित्त पूर्व अध्येताहरुले औल्याएका वर्गीकरणका आधारहरुलाई उल्लेख गर्नु सान्दर्भिक देखिएको छ ।

धर्मराज थापा र हंसपुरे सुवेदीले पूर्व अध्येताहरुको वर्गीकरणलाई समीक्षा गर्दै नेपाली लोक साहित्यको विवेचना मा लोकगीतलाई (१) सामान्यगीत (२) संस्कारगीत (३) ऋृतु वा व्रतसम्वन्धी गीत (४) कर्मगीत (५) पर्वगीत (६) लोकनृत्य (७) विविध गीत गरि सात प्रकारमा विभाजन गरेका छन् (थापा,सुवेदी ,२०४१ :२१)

कुसुमाकर न्यौपानेले पैयुखोले लोकगीतको संङ्कलन वर्गीकरण र विश्लेषणमा लोकगीतलाई निम्नानुसार उल्लेख गरेका छन् ।(१) भूगोल (२) जाती (३) उमेर (४) लिङग (५) सहभागिता ६) प्रस्तुति ७) विर्षय ८) आकार ९) गायन समय १०) गायन अवसर ११) प्रकार्यका आधारमा वर्गीकरण गरेका छन् (न्यौपाने २०४१ : ११)


यसरी विभिन्न विद्वान्हरुले लोकगीतको वर्गीकृत आधार देखाए । परन्तु स्थान विशेषका लोकगीतहरु ओभ्फेलमा परे । त्यसैले क्षेत्र र विषयका आधारमा पनि लोकगीतका प्रकार वनाएर वर्ग परिचय दिदा अभ्फ सान्दर्भिक हुन सक्छ कि भन्ने उदेश्यले यो ध्येय राखिएको छ ।

## ४.२ फलेवास क्षेत्रका प्रचलित लोकगीतको वर्गीकरण

क्षेत्र र विषयगत परिचयका दृष्टिले फलेवास क्षेत्रका लोकगीतहरुको आफ्नै मौलिक स्वरुप रहेको छ । विभिन्न क्षेत्रमा स्थित लोकगीतहरुको आफ्नो स्वरुप भए भ्फै यस क्षेत्रका लोकगीतको पनि छुट्टै स्वरुप रहेको छ । क्षेत्रीय दृष्टिले हेर्दा यस क्षेत्रमा प्रचलित लोकगीतहरुको प्रकृति छुट्टै भेटिन्छ । फलेवास क्षेत्रका संङ्कलित लोकगीतहरुको विषय र सन्दर्भगत परिचय निम्न लिखित स्वरुपमा वर्गीकरण गरी अध्ययन गर्ने प्रत्यत्न गरिएको छ ।

**फलेवास क्षेत्रका प्रचलित लोकगीतहरुको**

**वर्गीकरण**




उल्लेखित वर्गीकरणका आधारका फलेवास क्षेत्रमा प्रचलित लोकगीतहरुको सामान्य रुपमा परिचय दिने कार्य यहाँ भएको छ ।

### ४.२.१ संस्कार गीत

मानिसका विभिन्न संस्कारका अवसरमा गाईने लोकगीतहरुलाई संस्कार गीत भनिन्छ । आ आफ्ना जातीय संस्कार अनुसार यस्ता गीत गाउने प्रचलन हुन्छ । संस्कार समाजमा जरो

गाडेर बसेको हुन्छ । संस्कारले नै मानिसका चिन्तन,विचार र व्यबहारिक कुराहरुको विकास गरेको हुन्छ । हिन्दु धर्ममा सोह्र संस्कारको चर्चा गरिएको र हाल केही संस्कार जीवीत रहे पनि धेरै संस्कार समाजवाट लोप हुदै गएका पाइन्छन् ।तसर्थ फलेवास क्षेत्रमा पनि सवै संस्कार गीतहरु गाइएको छैन । यस क्षेत्रमा खास गरेर वेदी हाल्दा,शुभकार्य गर्दा र विवाहका अवसरमा संस्कार गीत गाउने गरिन्छ । यस्ता संस्कार गीत अरु वेला गाएको पाइदैन । विभिन्न संस्कारका अवसरमा गाइने प्रमुख गीत मागल हो भने विवाहका अवसरमा गाईने रत्यौली गीत पनि संस्कार गीत अन्तर्गत नै पर्दछ । यद्यपी फलेवास क्षेत्रमा संस्कार गीत अन्तर्गत वेदी हाल्दा,शुभकार्य,विवाह,व्रतवन्ध गर्दा यस्ता संस्कार गीतहरु गाउने प्रचलन रहेको छ ।

### ४.२.१.१ मागल गीत

फलेवास क्षेत्रका संस्कार गीतहरु अन्तर्गत ब्राह्मण तथा क्षेत्रीहरुको शुभकार्यको अवसरमा मागल गीत गाउने चलन छ । विवाह,व्रतवन्ध आदि शुभ कार्य गर्दा मागल गीत गाई आफ्नो साँस्कृतीक झल्को दर्शाउने गरिन्छ । संस्कार गीतको एउटा किसिम मागल गीत हो । संस्कृत शव्द मङ्गलको तद्भव रुप मागल हो । नारीले मङ्गल कामनाका साथ गाउने एक प्रकारको गीत मागल हो । मागल गीतका अध्येताहरुले यस गीतलाई महाल -थापा र अन्य २०४१:११०) (भट्टराई,२०५०:५०) महाल -न्यौपाने २०४४:६०) मागल -शर्मा र अन्य २०६३:११३) भनेर चिनाइएको पाइन्छ । यस गीतलाई मागल,साल,माहाल,मागल आदि विभिन्न नामले चिनाए पनि यो एउटै गीत हो । यस गीतलाई सुदुर पश्चिमाञ्चल तिर सगुन फागका नामले चिनाउने गरेको भेटिन्छ ।

ब्राह्मण र क्षेत्रीहरुको व्रतवन्ध र विवाह आदि शुभकार्यका अवसरमा प्राय मागल गीत गाउने गरिन्छ । यो गीत हिन्दू महिलाहरुले मात्र गाउने गर्दछन् । यो गीत गाउने महिलालाई महाल्नी र मागल्नी आदि भन्ने  गरिन्छ ।  परम्परादेखि चल्दै आएको यो मागल गीत विस्तारै समयको परिर्वतन संगै लोप हुँदै गएको पाइन्छ । यस गीतमा शुभको भाव प्रमुख रुपमा रहेको हुन्छ । यो गीत नृत्य र वाद्ययविना नै गाइन्छ । यो गीत पनि विभिन्न प्रकारको छ । जन्म संस्कारका अवसरमा व्रतवन्धका अवसरमा र विवाहका अवसरमा गाइने गरी मागललाई मुख्य तीन प्रकारमा विभाजन गर्न सकिन्छ । यस फलेवास क्षेत्रमा गाएका केही मागल गीतका नमूना निम्नुसार छन् ।

**ब्रतवन्धको मागल गीत**

दश मैना कोखमा राखी जन्म दियौ आमा

आठ वर्ष सम्म मलाई काखमा लियौ आमा

आज तिम्रो काख छोडी जोगी भई आए

देउन आमै सातै मुठि भिख मैले माएँ ।

**विवाहको अवसरमा गाईने गीत**

हातै लियौ छातै त काखी चाप्यौ भोला

आई पुग्यो ससुराली देश विवाहको कुरा गरनी त ।

पण्डित बाबा ज्यू पूरा कर्म गरि दिनुस् है

माइती घरमा पाली शुभै पिजँडामा वसेका

### ४.२.१.२. रत्यौली गीत

संस्कार गीत अन्तरगत रत्यौली गीत पनि एक हो । फलेवास क्षेत्रमा रत्यौली गीतको प्रचलन छ । दुलाहा अन्माएपछि त्यस घर, छिमेकका आफन्त महिलाहरु जम्मा भई सामूहिक रुपमा रत्यौली खेल्छन् । दुलाहाका घरमा माङगालिक कार्यका लागि वा ग्रह शान्तिमा वालिएको दियो कुर्नका लागी पनि रत्यौली खेल्ने गरिन्छ । रात वा रातिसँग सम्वन्धित भएकाले यसलाई रत्यौली भन्ने गरेको पाइन्छ । रत्यौली मुख्य गरेर विवाहका अवसरमा गाइन्छ । यो गीत वाह्मण,क्षेत्री,दमाई,कामी, सार्की र ठकुरी लगायत अन्य जातिहरुमा समेत प्रचलित छ । रत्यौलीमा महिलाहरुले पुरुषको भेष धारण गरेर नाच्नेलाई लुठो भन्दछन् । रत्यौलीमा ज्येष्ठताका आधारमा परिवारका साथै आफन्तहरुलाई पालैपालो नचाउने गरिन्छ । यो गीत गाउँदा तालीका साथै खैजडी,मुजुरा,मादललाई वाजाका रुपमा प्रयोग गरिन्छ ।

रत्यौलीमा पुरुष मानिसहरुको उपस्थिति भएमा उनीहरुको आयु घट्छ भन्ने जनविश्वास पनि रहिआएको छ । (न्यौपाने २०६७:९) । तसर्थ रत्यौलीमा पुरुषहरुको सहभागिता

हुँदैन । यो महिलाहरुले मात्र गाउने सामूहीक गीत हो । रत्यौली गीत गाउँदा हा,ओहोई,रेलिमै, आदि जस्ता थेगोको प्रयोग गर्ने गरिन्छ । यस फलेवास क्षेत्रमा पनि रत्यौली खेल्ने गरिन्छ । यस क्षेत्रमा खेलिने रत्यौली गीतका उदाहरण यस प्रकार छन् ।

अझै पनि पुगेन धोका

रातो डोली वावुले त्यही रोक ।

वाटो छोड दायाँ र वाँया

जीवन साथी लिएर म आएँ ।

आमाको पियारो छोरो

अव माया वाँडियो दोहोरो ।

है उकालीको चिसापानी खोचीले खोच्याम्ला

आमाको पियारो छोरो

मुन्छे ठूलो रहेछ भने पनि वुद्धिले होच्याम्ला

आमाको पियारो छोरो

अव माया वाँडियो दोहोरो ।

..........................................

नवोल्नेलाई वोलाउन के खाँचो

सुन्तलाको विरुवा हत्केलाका राखौला

टलटल टल्कने साँचो ।

त्यही विरुवा हेरी हेरी लर्के जीवन राखौला

टलटल टल्कने साँचो ।

झिमी र झिमी पानी है पर्‍यो मकैको पातलाई

जन्मेको ठाउँमा मर्नुनै छैन छोरीको जातलाई

हे माया तिम्रो र हाम्रो

कहिल्यै पनि नहोस् है नराम्रो ।

## ४.२.२. कर्म गीत

श्रम गीतलाई कर्म गीत भनिन्छ । मकै गोड्दा घैया गोड्दा,धान रोप्दा,धान गोड्दा र दाई राख्दा लगायत अन्य कुनै शारीरिक श्रम गर्दा गाइने गीतलाई श्रम गीत भनिन्छ । श्रम गीत खासगरी महिलाहरुले वढी गाउने गर्दछन् तर पुरुष पनि यी गीतहरु गाउने गर्दछन् । अन्य क्षेत्रमा जस्तै फलेवास क्षेत्रमा पनि खेतीपातीको काम प्रमुख रुपमा हुने गर्दछन् । जीवनयापनको अभिन्न अंग कर्म भएकाले मानिसहरु हरेक काम गर्दा कुनै पनि थकावटको महशुस नहोस् भनी आनन्दले गीत गाउने र गीतकै माध्यमवाट समेत हाँसखेल,ठट्टा गर्ने गर्दछन् । श्रम गीतमा खासगरी वाजाको प्रयोग गरिदैन,तर असारे गीतमा रोपाई महोत्सवको रुपमा मनाउने नौमती वाजागाजा सहित गीत गाइन्छ । यस क्षेत्रमा पनि श्रम गर्दा गाइने लोकगीतहरु धेरै भेट्न सकिन्छ । यस्ता श्रम गीतहरु महिना र ऋतु अनुसार फरक फरक हुन्छन् ।यस्तै यस ठाउँमा गाइने मुख्य कर्म गीतहरुमा जेठ महिनामा गाउने जेठे गीत,असारको रोपाईमा गाइने असारे र मंसिर महिनामा गाइने दाइ गीत यस क्षेत्रका कर्म गीत हुन् । यस्ता कर्म गीतमा दुख,मर्म,वेदना,हाँसखेल जस्ता भाव मुख्य रुपमा प्रकट गरिन्छ ।

### ४.२.२.१. जेठे गीत

जेठ महिनामा मकै गोड्दा वा घैया गोड्ने काम गर्दा गाइने गीतनै जेठ गीत हुन् । जेठे गीतलाई परिभाषित गर्ने कममा कृष्णप्रसाद पराजुलीले यस्तो भनेका छन् । “जेठ महिनाको हपहपाउँदो गर्मीयाममा गाइने कर्मगीतलाई जेठेगीत भन्ने गरिन्छ” (पराजुली २०५७:२०८)

नेपाल कृषिप्रधान देश भएकाले यहाँका मानिसहरुको मुख्य पेशा नै कृषि हो । किसानहरुले खेतवारीमा काम गर्दा थकानको महसुस नहोस् भन्ने उद्धेश्यले आफ्ना मनका

दुखकष्ट,वेदना गीतका माध्यमवाट पोख्ने गर्दछन् । जेठ,असार महिना अन्य महिना भन्दा वढी कामकाजका लागी महत्वपूर्ण समय मानिन्छ ।

यस फलेवास क्षेत्रमा ,फाल्गुण ,चैत्र महिना छरेका मकै आदि वालीहरु वैशाख,जेठमा गोडमेल गरिन्छ । जेठ महिनाका चर्का घामसँगै खासगरी महिलाहरु आफ्ना मनका पीर,मर्का,वेदनाका भाव गीतका माध्यमवाट अभिव्यक्त गर्दछन् । यस क्षेत्रमा श्रममा पुरुष भन्दा महिला सक्रिय हुने हुदाँ यहाँका श्रम गीतमा मानिसहरुले वढी आफ्नो दुखेसो पोखेको पाइन्छ । यो गीत एकल वा दोहोरी दुवै रुपमा गाउने गरेको पाइन्छ । यस क्रममा यस गीतमा एउटी महिला एक्लै मकै गोड्दै छिन् । उनका स्वामी विवाह भएको एक दुई महिनामा विदेश गएको र घरमा सासु ससुरा दिएको यातनाको दुखेसोलाई यस गीतमा यसरी व्यक्त गरिएको छ ।

जेठै र मासका यिनै चर्का घाम

एक्लै मकै गोड्छयौ नि है ।

तिमरा स्वामी कहाँ गए त नि ?

एकलै मकै गोड्छयौ नि है ।

**४.२.२.२.असारे गीत**

असार,साउनमा नेपालका धेरै ठाउँमा धान खेती गरिन्छ । खासगरि असार महिनामा धान रोपाई संगै गाइने गीतलाई असारे गीत भन्ने गरिन्छ । यसलाई रोपाई गीत भन्ने गरिन्छ । वर्षे भरीमा भिज्दै,हिलो,माटो खेलाउदै खेतका गरामा धानको वीउ रोप्दै असारे गीत गाइन्छ। यस फलेवास क्षेत्रमा असारे गीत रोपाहार वाउसे र हलीका वीच दोहोरी रुपमा पनि चल्छ । त्यस्तै महिलाहरुले मात्र एकोहोरी रुपमा समेत गाउने गर्दछन् । असार पन्ध्रलाई अन्य क्षेत्रमा जस्तै यस क्षेत्रमा पनि वढी महत्व दिइन्छ । त्यस दिन दही,चिउरा खाने,हिलो छ्यापाछ्याप गर्नुका साथै विभिन्न असारे गीतका भाकाहरु घन्काएको पाइन्छ । यहाँका असारे गीतको मुख्य विषयवस्तु हाँसखेल,ठट्टा ,दुख,मर्म वेदना हुन् लोकले असार महिनालाई मानो खाएर मुरी उव्जाउने समय हो भनेको छ(थापा,२०३०:११२) अन्य समय भन्दा किसानहरु पनि आफ्नो खेतवारीमा कामकाजका लागि वढी सक्रिय हुन्छन् । हली ,वाउसे र खेतालीलाई काममा थकान नहोस् भनी मनोरञ्जन गर्ने उदेश्यले गीत गाउँदै धान रोप्ने र हलो जोत्ने कार्य आ-आफ्नै

तवरले गरि राखेका हुन्छन् । यस क्षेत्रमा पनि एकोहोरी,दोहोरी र सामुहीक गरि विभिन्न प्रकारका असारे गीत गाइन्छन् । यस ठाउँमा गाएको असारे गीतको नमूना तल उल्लेख गरिएको छ ।

असारै मासको दवदवे हिलो छुनलाई घिन लाग्यो

पातली नानीलाई फरिया किन्दा छ विस रिन लाग्यो ।

हो लौ लौ तारु छ वीस रिन लाग्यो ।

असार मास धानको विउ रोप्ने भलपानी छोपाई

मंसिर मास आत्तुरी गरि राखने दाँई

हो लौ लौ तारु जानेको केही छैन है ।

### ४.२.२.३ दाई गीत

असार साउनमा धान रोपेर कार्तिक,मंसिर महिनामा धान घरमा भित्र्याउँदै खेतको खलामा दाई हाल्दा गोरु धपाउँदै गाइने गीतलाई दाई गीत भनिन्छ। खासगरि मंसिर महिनामा गाईने हुँदाँ कसैले यसलाई मंसिरे गीत र यस्तै धानको राशिसँग सम्वद्ध भएकाले यो गीतलाई राशि गीत पनि भन्ने गरिन्छ । ठाउँ अनुसार पनि यस गीतलाई फरकफरक नामले चिन्ने गरिन्छ । नेपालका प्रायजसो सबै ठाउँमा गाईने यो गीत विशेष गरि सह ल्याउन र धान भित्राउन लागेको खुसियालीमा गाउने गरिन्छ।

असार/साउनमा रोपेको धान कार्तिक मंसिरमा पाक्ने गर्दछ । धान पाकेपछि धानलाई काटेर केही दिन घाममा सुकाउने गरिन्छ । त्यसरी सुकेको धान खलो बनाई काटेको धान थुपारेर कुँनियो लगाउने गरिन्छ। त्यसपछि खलोको वीचमा पर्ने गरि मियो गाडिन्छ।मियोको टुप्पोमा धानको बाला झुन्ड्याउने प्रचलन पनि रहेको छ । जव केही समयपछि खलो लिपेर दाई हाल्ने बन्दोवस्त गरिन्छ ।त्यसपछि मियोमा हार मिलाएर आवश्यकता अनुसार गोरु बाँधिन्छ र छरेको परालसहितको धानमा गोरु हिँडाली धानको गेडा भार्ने काम हुन्छ। दाँई गर्दा कसैले गोरु धपाउने,कसैले पराल फाल्ने काम गर्दछन् । यसरी गोरु,खेद्ने,धान चुट्ने र पराल छिरोल्ने दंदेराहरुले एक आपसमा मनोरञ्जन गर्दै र एकले अर्कोलाई ख्याल ठट्टा गर्दै कोइली

चरीको नाम काडेर पनि गीत गाउने गर्दछन् । दाई गीत गाउँदा प्राय गरेर ह्वाई ,ह्वाई,ह,ह,ह,दाइमाडो पराल पाँडो जस्ता थेगाहरुको प्रयोग गर्दछन् ।

फलेवास क्षेत्रमा पनि दाई गीतमा गोरुलाई वरादु भन्ने गरिन्छ । गीतमा गोरुकै सिङ पुच्छर खुरले गरेको कामको वयान गरिएको हुन्छ । दाई सकिएपछि धानको रास वनाइन्छ । त्यसरी चुल्याइएको धानको थुप्रोलाई धानको रास भन्ने गरिन्छ ।यसरी चुल्याइएको धानको रासलाई घिउको धुप हालेर देवीदेउताको पुकार गर्दै हिमालतिर फर्केर सह माग्ने गरिन्छ ।

यस फलेवास क्षेत्रमा पनि दाई गीतमा गोरुलाई वरादु भन्ने गरिन्छ । गीतमा गोरुकै सिङ पुच्छर खुरले गरेको कामको वयान गरिएको हुन्छ ।दाई सकिएपछि धानको रास वनाइन्छ । त्यसरी चुल्याइएको धानको थुप्रोलाई धानको रास भन्ने गरिन्छ । यसरी चुल्याइएको धानको रासलाई घिउको धूप हालेर देवी देउताको पुकार गर्दै हिमाल तिर पर्केर सह माग्ने गरिन्छ ।

यस फलेवास क्षेत्रमा गाइने दाई गीतको उदाहरण तल प्रस्तुत गरिएको छ ।

मियोको गोरुले मियो हल्यायो ।

साथीको  गोरुले भूमि वोलायो । दाईमाडो परालैको पाँडो हो...........हो..........अ

असी मुरी भरुवा त,वाह्रविसरास,

लङकै पुल पुल्यो पलङ्ग वास । दाईमाडो परालैको पाँडो हो ...............हो .....हो

## ४.२.३ पर्व गीत

मानव समाजमा चाडपर्वको निकै ठूलो महत्व छ । चाडपर्वका अवसरमा गाइने गीतहरु नै पर्व गीतहरु हुन् । चाडपर्व मनाउँदा परिवार,आफन्तसँग बसेर रमाइलो गर्ने मीठा मीठा चीजहरु खाने र सुख दुखका भावना पोख्ने गरिन्छ । परम्परादेखि नै नेपालमा विभिन्न **कि**सिमका चाडपर्वहरु मनाउदै आएको पाइन्छ ।तर केही चाडपर्व हाल हराउँदै गएका छन् । फलेवास क्षेत्रमा पनि विभिन्न चाडपर्वहरु मनाउने गरिन्छ । त्यस्ता चाडपर्व मनाउँदा त्यहाँ पनि चाडपर्व विशेषका गीत गाउने प्रचलन रहि आएको छ । यस क्षेत्रका पर्व गीतहरुमा तीजे, मालसिरी,भैलो र देउसी आदि मुख्य हुन् ।

### ४.२.३.१ तीजे गीत

हिन्दू नारीहरुको महान् चाड तीज पर्वले विशेष महत्व वोकेको छ । तीज हिन्दू नारीहरुको ठूलो र रमाइलो चाड हो । यो पर्व भाद्र शुक्ल द्धितीयाका दिन देखि सुरु भई पञ्चमीका दिन सप्त ऋषिको पूजा गरेपछि समाप्त हुन्छ ।तीज पर्वका अवसरमा विशेष गरि हिन्दू नारीहरुद्धारा गाइने एक प्रकारको गीत तीजे गीत हो । यसलाई नारीको वेदनाको पोको पुकाउने गीत सीमित भए पनि हाल खुला ठाउँ लगायत अन्य स्थानमा समेत प्रतियोगितात्मक तवरले गाउने गरिन्छ ।तीज गीतमा एउटा महिलाले गीत भिक्ने र अन्य महिलाहरुले उक्त गीतलाई छोप्ने गर्दछन् । यो गीत सामूहिक रुपमा गाउने गरिन्छ । यस गीतमा गायनमा साथै नाचेर दर्शक महानुभावलाई आकर्षिक गर्ने गरिन्छ । पहिले पहिले तीजे गीतमा वाजाका रुपमा ताली मात्र वजाए पनि हाल समय परिवर्तन संगै विभिन्न किसिमका वाद्यवादनको प्रयोग गरिन्छ । फलेवास क्षेत्रमा महिलाहरुले विभिन्न चोक तथा घर आँगनमा जम्मा भएर तीजे गीतका माध्यमवाट आफ्ना मनको दुखेसो पोख्ने गर्दछन् ।तीजको द्धितीयाका दिन व्रतालु महिलाहरु मिलेर दर खाने चलन छ । तृतीयाका दिन विवाहित महिलाका साथै अविवाहित किशोरीहरु पनि प्राय पानी समेत नखाई व्रत वस्ने गर्दछन् । त्यस दिन उनीहरु धारा,जलाशय तथा खोलामा नुवाई धुवाई गरेर शिव र पार्वतीको पूजा गर्ने गर्दछन् ।तीजमा विशेष गरेर महिलाहरु रातो साडीमा सजिएर विभिन्न किसिमका गरगहनाहरु लगाएर आफ्नो माइती र मावली जाने गर्दछन् । तीजमा छोरी,चेलीलाई लिन वावा,दाजुभाई र मामा जाने प्रचलन रहेको छ । तीजे गीत विभिन्न प्रकारका हुन्छन् । फलेवास क्षेत्रमा संङकलन गरिएका तीज गीतको नमूना यस प्रकार छ ।

नेपालैको यो ठूलो रानी वन

वरिलै आगोले खायो वन

वर्ष दिनका तीजमा बाबा लिन नआउने

वरिलै धन्नै हो बाबाको मन

पाथी मैले खाँदिन मुरी मैले लाँदिन

वरिलै धन्ने हो बाबाको मन

छोरी भन्दा प्यारो मानो रैछ बाबा

वरिलै फर्केर आवोइन

ह   ह   ह   ह

### ४.२.३.२ ऋृषि पञ्चमीको गीत

हिन्दू धर्मावलम्वीहरुले भाद्र पञ्चमीको दिनलाई ऋषिपञ्चमी भनेर मान्ने गर्दछन् ।त्यो दिन उनीहरु शरीर शुद्धिका लागि जलाशय,धारा खोला र पँधेरामा नुहाउने गर्दछन् ।उक्त दिन सप्त ऋषिका साथै अरुधन्ती नामकी ऋषि पत्नीको पूजा गर्दछन् । सप्तऋृषिको पूजा सवै जातीको साथै खासगरि बाहुन,क्षेत्री समुदायका महिलाहरुले गर्दछन् ।

यस फलेवास क्षेत्रमा पनि महिलाहरुले सप्त ऋृषिको पूजा गर्दछन् । उनीहरुले कुनै घर आँगनमा जम्मा भई सामूहिक रुपमा पूजा गर्दछन् । सप्त ऋृषिको पूजा गर्दा सात पटक जग्गे घुम्नु पर्ने हुन्छ । त्यही वेला महिलाहरु पूजासंग सम्वन्धित गीत गाउँदै खुट्टा नउचाली विस्तारै पवित्रमा गर्ने गर्दछन् । यो गीत गाउँदा तालीको प्रयोग गर्दछन् । अन्य वाद्यवादनको प्रयोग गरिदैन । यो गीत विशेष गरि पञ्चमीका दिन मात्र गाइन्छ र अन्य वेला गाइने प्रचलन छैन । यो गीत कुनै छोटो र कुनै लामो लयमा पनि गाउन सकिन्छ । यस फलेवास क्षेत्रमा पञ्चमीका अवसरमा गाइने गीतका नमूना यहाँ उल्लेख गरिएको छ ।

ऋृषिपञ्चमी महिलाहरुको ठूलो व्रत हो

पञ्चमीका पाइला गन्नी हाम्रो ठूलो व्रत हो

ल्याउ न नानी,ल्याउ न नानी व्रतको दियो

दिन्छु चेली दिन्छु चेली व्रतको दियो ।

### ४.२.३.३ मालसिरी गीत

मालसिरी गीत दशैको घटस्थापना देखि महानवमीसम्म साँझ विहान दुर्गा भवानीको आराधना गर्दै गाइने गीत हो । यस गीतलाई रागमालश्री,माल्सिरी पनि भनेको भेटिन्छ । -भट्टराई,२०५२ः ७५)। त्यसैले यस गीतलाई लोक समाजमा मालसी,मालश्री,मालसिरी,

रागमालश्री आदि पनि भनेको पाइन्छ । यो गीत भारतवाट नेपालमा भित्रिएको हो । नेपालमा यस गीतको प्रचलन मल्लकाल भन्दा पहिलेदेखि सुरु भएको थियो । (थापा र सुवेदी,२०४१:१६५,पराजुली २०५६:१८५) । यो गीत व्राह्मण,क्षेत्री,नेवार र गन्धर्व लगायत जातीका पुरुषका साथै महिलाहरुले पनि एक्लै वा सामूहिक रुपमा गाउने गर्दछन् ।

फलेवास लगायतका यसका आसपासका ठाउँमा पनि यो गीत प्रचलन छ । यो गीत गाइनेले सारङ्गी रेटीकन पनि गाउने गर्दछन् । हिन्दू धर्मावलम्वीहरुका मन्दिर हरुमा, पूजाकोठामा, दशैघर,कोटघर लगायतका ठाउँमा पूजा गर्दा यो गीत गाइन्छ । यस क्षेत्रमा गाइएको मालसिरी गीतको नमूना तल प्रस्तुत गरिएको छ ।

जय देवी कालिका प्रसन्न भयौ हो ,मुण्डला सहाइये,सिंहवाहिनी,मण्डमालिनी बज्रहस्त सुहाइये,शिव दुतिनी,असुर मारिनी,देवी ..................................................................

कर जोर सुधारिणी जय देवी महिषासुरले ,जगत व्याप्त भो,कोहिना न जो हारिए आपुसे आपु उत्पन्न भई हो कालिका नाम छराइउ जय देवी,...............................................

### ४.२.३.४. भैली गीत

नेपालीहरुको दशैपछिको दोस्रो ठूलो चाड तिहार हो । तिहार पर्वको अवसर पारी भैलो र देउसी खेल्ने गरिन्छ । भैसी गाई तिहारको औंसी वा लक्ष्मी पूजाको दिन महिलाहरुद्धारा गाइने पर्व गीत हो । भैलो गाउने महिलालाई भैलेनी भनिन्छ । यस गीतलाई भैलो भनेर चिनाएको पनि पाइन्छ ।(थापा र अन्य,२०४१ :१६६) यो गीत महिलाहरुले मात्र खेल्ने भए पनि आजकल पुरुषहरुले पनि खेल्ने गर्दछन् ।भैलीमा एकजनाले फलाक्ने वा भटाउने र अरु साथीहरुले स्वर छोपी भैली भैली भन्ने गर्दछन् । यो गीत पनि एकल नभई सामूहिक रुपमा खेलिन्छ । भैली औसीको दिन लक्ष्मी पूजा गरेपछि साँझपखवाट सुरु गरिन्छ ।

भैली खेलिने परम्परा वलिराजाले चलाएको चलन अनुसार हो -थापा,र अन्य २०४१ :१६७,वन्धु २०५८:१६८) । भैलो वर्ष दिनमा एकपटक मात्र खेलिने भएकाले प्रत्येक घरघरमा भैली खेल्न खासगरि साना स्कुले केटाकेटी एवं युवा वर्ग पुग्ने गर्दछन् । उनीहरु घरवेटीलाई खुसी पार्न विभिन्न किसिमका गीतहरु गाउँछन् । जब केही वेर गित गाएपछि घरवेटी आमाले चामल,पैसा,फलफूल रोटी र दियो वालेर नाङलामा राखेर दिन्छन् । त्यसपछि भैलिनीहरुले

दियोको पूजा गरि विभिन्न किसिमका आशीवादका गीत गाउने गर्दछन् । आशीवाद दिँदा ढुगा छुदा द्रव्य होस्,माटो छुदा अन्न होस् र घरमा लक्ष्मीले वासै गरुन जस्ता कुराहरु भनेर फलाक्ने गर्दछन् । अन्त्यमा बिदाबादी हुदै पुन अर्को घरमा भैली खेल्न जाने गर्दछन् ।

हे, वर्षदिनको चाड

लक्ष्मी पूजा गरेको

हे,औसीवारो,गाई तिहारो भैलो ।

वलि राजाले पठाएका

आयौ सवैको आँगन

हे,औसीवारो,गाई तिहारे,भैलो

हे,भैली भन सवैले,भैलो ।

### ४.२.३.४.५ देउसी गीत

भैली जस्तै देउसी पनि प्रमुख पर्व गीत हो । यो तिहारको अन्तिम दिन भाई टीका लगाएपछि प्रत्येक घरघरमा गई सामुहिक रुपमा देउसी खेल्ने गरिन्छ । भाई टीकाका दिन आसीन दिएपछि त्यस घरमा लक्ष्मीले वास गर्छिन । सुख समृद्धि प्राप्त हुन्छ, मनले चिताएको पुग्छ र गाउँघरमा सह रहन्छ भन्ने जन विश्वास समाजमा विद्यमान छ (भट्टराई,२०५२ :६६)

देउसी पनि भैली जस्तै जस्तै समूह वनाई घरमा खोलिने सामूहिक गीत हो । भैलीमा जस्तै देउसीमा पनि एकजनाले भट्याउने अरु साथीहरुले अन्त्यमा देउसिरे भन्ने गर्दछन् । यस गीतमा “आहै” “ए” जस्ता थेगाको प्रयोग गर्दै “भनभन भाइ हो”वाट शुरु गरिन्छ । यो गीत गाउँदा मादलको प्रयोग गरिन्छ । यो गीत खासै लामो समयसम्म गाइँदैन । तर पनि दक्षिणा धेरै माग्ने उद्धेश्यले लामो समयसम्म पनि गाइन्छ । देउसी खेल्न आउनेहरुलाई देउसे भनिन्छ । देउसी खेल्दा वलिराजाले पठाएको,वाटोमा वर्णन,केटाकेटीको वर्णन र एक घरमा मात्र नभई सयौ घरमा जानुपर्ने जस्ता प्रसङग जोडेर गाउने गर्दछन् । देउसेहरुले देउसी खेलेपछि त्यस घरकी घरवेटी आमाले पनि धान ,चामल,रोटी,पैसा दिने गर्छिन् । दियोलाई देउसेहरुले पूजा

गरेर घरवेटीलाई आशिष दिने गर्छन् । आशिष दिदा उनीहरुले छोराछोरी डाक्टर,पाइलट हउन् हल गोरु,लैनी भैसी,हउन् लक्ष्मीले वासै गरुन् जस्ता कुराहरु भन्ने गर्दछन् । फलेवास क्षेत्रमा पनि परम्परादेखि देउसी खेलिदै आएको छ । यस क्षेत्रमा खेलिएको देउसी गीतको उदाहरण तल उल्लेख गरिएको छ ।

ए, झिलमिली झिलीमिली - देउसी रे

ए, के को झिलीमिली - देउसी रे

ए, वत्तीको झिलीमिली - देउसी रे

ए, रातो माटो - देउसी रे

ए, देउसी खेल्दै - देउसी रे

ए, आएका हामी - देउसी रे

### ४.२.४ वाह्रमासे गीत

वाह्रमासे लोकगीत नेपाल अधिराज्यभरि प्रचलित छ । वाह्रै महिना जुनसुकै समयमा पनि गाउन सकिने गीतलाई वाह्रमासे गीत भनिन्छ । वाह्रमासे गीत गाउन कुनै अवसर,चाडपर्व,महिना र समय आदी केहीको पनि आवश्यकता पर्दैन र जुनसुकै समयमा गाउन सकिन्छ । यस्ता वाह्रमासे गीत गाउन उमेर अवस्थाले छेक्दैन । वालकदेखि वृद्धसम्म जुनसुकै उमेरका मानिसहरुले वाह्रमासे गीतहरु गाएको देख्न सकिन्छ ।

बाह्रमासे गीतका पनि विभिन्न भाखा र लय छन् । यी गीतहरुमा कुनैमा नृत्य र वाद्ययन्त्रको प्रयोग गरिन्छ भने कुनैमा प्रयोग गरिदैन । वाह्रमासे गीत अन्तरगत कुनै जाति विशेषका गीत पनि समावेश हुन्छन् । फलेवास क्षेत्रका प्रचतिल वाह्रमासे गीतहरुमा वाल गीत,घाँस गीत ,सिलोक,भजन,सालैजो,फ्याउरे,कौरा,एकोहोरी र दोहोरी गीत पर्दछन् । अन्य क्षेत्रमा जस्तै यस क्षेत्रमा वाह्रमासे गीतको व्यापकता रहेको छ ।

### ४.२.४.१ भजन

हिन्दू धर्मावलम्वीहरुले धार्मिक पूजाका अवसरमा गाइने भक्ति परक गीतलाई भजन भनिन्छ । भजनमा देवी देवताको गुण,शक्ति र सामर्थ्यको वयान गरिन्छ । भजन देवी देवताका मन्दिरमा भजन मण्डलीद्धारा गाइन्छ । सत्य नारायणको पूजामा स्वस्थानी व्रत,शिवरात्रि र एकादशी आदि जस्ता पर्वका अवसरमा साँझपख पनि गाउने गरिन्छ । भजन प्राय वाहुन,क्षेत्री समाजका वुढापाका,विधवा,योगी,सन्यासी आदिले वढी मात्रामा गाउने गर्दछन् । भजन अन्य जातजातिका मानिसले पनि गाउँछन् । अत भजन देवीदेवताको पूजा आराधनापछि मनका अशान्ति र मनलाई शान्ति दिने क्रममा देवीदेवताको महिमाको वर्णनयुक्त भक्तिपूर्ण गीत हो । भजन समूहमा वा एक्लै वसेर पनि गाउन सकिन्छ । समूहमा भजन गाउने टोलीलाई भजने टोली भनिन्छ । भजनमा ईश्वरको महिमाको वर्णन गरिन्छ । खैजडी,मजुरा मादल र झ्याली जस्ता वाद्ययन्त्रको प्रयोग गरिन्छ । भजन गाउँदा एक जनाले झिक्ने र अरुहरुले छोपेर विस्तारै दोहोर्याई तेह्रर्याई वाद्यतालमा छिटो ढिलो ताल फेरेर अन्त्यमा हरि भन्ने गरिन्छ ।

फलेवास क्षेत्रमा पनि भजनको परम्परा पहिलेदेखि चलिआएकै छ । यस क्षेत्रमा भजन विशेष गरेर विभिन्न चाडपर्वको अवसरमा,देवी देवताको मन्दिरमा ,सत्य नारायणको पूजा गर्दा गाउने गरिन्छ । भजन ठाउँ अनुसार फरक फरक तरिकाले गाउने गरिन्छ । यस क्षेत्रमा भजन गाउँदा आरती भजनवाट शुरु गरिन्छ । आरती भजन केही समय गाएपछि विस्तारै अन्य भजन गाउने गर्दछन् । यस क्षेत्रमा खासगरि आरती भजन,चुड्का भजन,राम भजन,कृष्ण भजन आदि भजनहरु गाइन्छन् ।

### ४.२.४.२ आरती भजन

भजन मण्डलीले सुरुमा भजनमा रुपमा आरती भजन गाउँछन् ।आरती भजनलाई सुरुआती भजनका रुपमा लिइन्छ । अन्य भजन सुरु गर्नुपूर्व यो भजन गाइन्छ । धुप,दीप,नैवेद्य चढाएपछि गरिने भगवानको स्तुतिलाई पञ्चवती आरती भनिन्छ । विहान तथा साँझको समयमा विभिन्न देवीदेवताको नाम जप्दै आरती गाइन्छ । हिन्दू परम्परामा विशेष गरेर शिव,गणेश,राम र कृष्ण जस्ता विभिन्न देवतासंग सम्वन्धीत भएर आरती गाउने प्रचलन छ । आरती गाउँदा पनि खैजडी,मुजुरा,शंख घण्टी जस्ता बाजाको प्रयोग गरिन्छ ।

फलेवास क्षेत्रमा भजनको सुरुवात गर्नुपूर्व आरती भजन गाउने गरिन्छ ।यस क्षेत्रमा पनि विभिन्न मन्दिरहरुमा र शुभ कार्यस्थल आदिमा आरती गाउने चलन छ । धर्म प्राप्ति र धार्मिक कार्य शुभ होस् भनी आरती गाउने गरिन्छ । यस क्षेत्रमा आरती भजन गाउँदा प्राय वुढापाकाहरुले नै वढी भिक्छन् र अन्य युवाहरुले छोप्ने गर्दछन् ।यस भजनको अत्यमा हरि भन्ने गरिन्छ । यहाँ गाएको आरती भजनको उदाहरण तल उल्लेख गरिएको छ ।

जय गणेश जय गणेश जय गणेश देव

जय गणेश जय गणेश जय गणेश देव

माता जस्की पार्वती पिता महादेव

- - - - -

राम राम,हरे राम,राम राम हरे हरे

हरे कृष्ण,हरे कृष्ण,कृष्ण हरे हरे ।

हरे राम,हरे राम,राम,राम हरे हरे

हरे कृष्ण,हरे कृष्ण,कृष्ण,कृष्ण हरे हरे ।

### ४.२.४.३ सालैजो गीत

सालैजो मध्य पश्चिम र पश्चिम क्षेत्र भेगतिर बाह्रैमास गाइने गीत हो । सालैजो एक किसिमको भाका हो । यो सालैजो शव्द “साली” र “ज्यू” शव्दको मेलवाट शव्द निर्मित भएको हो -न्यौपाने २०६७:३) । यो गुरुङ र मगर समाजमा बढी गाइन्छ । यस गीतमा महिला पुरुष दुवैको सहभागिता हुन्छ तर महिला सहयोगीका रुपमा रहन्छन् । यो गीत कुनै चाडपर्व,मेलाजात्रा,उत्सवका साथै घर ,गोठ,वनपाखा जहाँसुकै मनोरञ्जन गर्ने उद्धेश्यले गाउने गरिन्छ । यो गीत गाउन समयले छेक्दैन र जहिले सुकै पनि गाउन सकिन्छ ।

यो गीत छोटो तथा लामो दुवै भाकामा गाउन सकिन्छ ।यो गीत एकल,दोहोरी र सामूहिक रुपमा गीत गाउँदा मादलको प्रयोग गरिन्छ । यो गीत गुरुङ र मगर समुदायका बुढा पाका भन्दा पनि युवाहरुको बढी गाउने गर्दछन् । गीतमा माया प्रीतिलाई मुख्य विषय

वनाइएको पाइन्छ । यो गीत गाउँदा लामो स्वर तानेर गाइने हुँदा पट्यार नलागोस् भनेर टुक्का भन्दै छिटोछिटो गाउनुका साथै नृत्य पनि गरिन्छ । सालैजो गीत एकोहोरी, दोहोरी, सामूहीक, टुक्कायुक्त र टुक्कारहित गरि विभिन्न प्रकारका हुन्छन् ।

फलेवास क्षेत्रमा पनि गुरुङ मगर वस्तीको बाहुल्यता कमै छ । तर पनि ती समुदायका सालैजो पहिलेदेखी गाइन्थ्यो । यस क्षेत्रमा गाइएको टुक्का युक्त सालैजो गीतको उदाहरण तल प्रस्तुत गरिएको छ ।

फलेवासमा पानी पर्‍यो सालैजो सिम्लेमा घाम छायाँ

हा,है सिम्लेमा घाम छायाँ

नदेख्दा कोहो कोहो साजैलो देखे लाग्नी माया

देखे लाग्नी माया

अँधेरी खोला गुयेली पाक्यो सालैजो चरीले चाखेको हो ,

हा,है चरीले चाखेको ।

### ४.२.४.४. झ्याउरे गीत

झ्याउरे गीत नेपालको सवै जसो ठाउँमा गाइने एक प्रकारको गीत हो । "झ्याउरे" शव्दको अर्थका सम्वन्धमा विद्धान्हरुले आ आफ्नो धारणा राखेको पाइन्छ । धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार पहिले पहिले लोकगीतलाई हेयका रुपमा हेरिने पुरानो जमाना थियो र लोकगीतको गायन पनि दीनहीन अवस्थामा झ्याउरे थिए होलान् (थापा र सुवेदी २०४१:९६) । त्यस्तै मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलका अनुसार "झ्याउरे" को अर्थ निन्याउरो,लुतेलाम्रे वा भुत्रे भाम्रे भन्ने हुन्छ,(शर्मा र लुईटेल ,२०६३:८३) ।

झ्याउरे चलन चल्तीको लोकप्रिय भाका हो । झ्याउरेले लोकलयको मान्यता पनि पाएको छ । लक्ष्मी प्रसाद देवकोटाको "मुनामदन" लोक लयका कारण नै चर्चित वन्न पुगेको हो । झ्याउरे गीत गाउन कुनै वार वन्धन हुदैन ।यो गीत वालकदेखि वृद्धसम्म सबैले आफ्नै तरिकाले गाउन सक्छन् । यस गीतलाई चाडपर्व  जात्रा उत्वसका साथै वनपाखा,घाँसपात गर्दा

मेलापात गर्दा तन्नेरी युवाहरुले समेत आफ्ना मनका भावनाहरु साटासाट गरेर गाउँछन् । ठाउँ अनुसार झ्याउरे गीतको लय र भाका फरक फरक हुन पनि सक्छ । यो गीत एकल,दोहोरी र सामूहिक जसरी पनि गाउन सकिन्छ ।झ्याउरे गीतमा मादल,बाँसुरी जस्ता वाद्ययन्त्रको प्रयोग गरिन्छ भने वाद्यविना पनि गाउन सकिन्छ । झ्याउरे गीत कुनैमा नृत्यको प्रयोग गरिन्छ भने कुनैमा नृत्यको प्रयोग हुँदैन । समयको परिवर्तन सँगै झ्याउरे गीतमा नयाँ भाका वा लय ग्रहण गरिएको छ ।

अन्य क्षेत्रमा जस्तै फलेवास क्षेत्रमा पनि झ्याउरे गीत लोकप्रिय रुपमा रहेको छ । यस क्षेत्रमा मेलापात गर्दा ,गाउँमा लाहुरे आउँदाका साथै सत्य नारायण पूजामा केहीवेर भजन गाएपछि झ्याउरे गीत एकोहोरी र दोहोरी दुवै प्रकारले गाउने गरिन्छ । यस क्षेत्रमा झ्याउरे गीत दोहोर्याई तेह्याई टुक्का निकालेर टुक्का युक्त र टुक्का रहित दुवै रुपमा गाइन्छ । यस गीतमा प्रारम्भको दुई अक्षर भन्दा पछिल्लो पंक्तिलाई मुख्य मानिन्छ । यस क्षेत्रमा गाइएको फ्याउरे गीतका नमूना तल उल्लेख गरिएको छ ।

सालैको पातले

दिए खान्थें मायाको दाहिने हातैले

यो मनमा पीर पर्छ छिनछिनमा

धर्तीमा जन्मेछु के दिनमा

सालैको पातले

दिए खान्थें मायाको दाहिने हातैले

गोठमा पराल वारीमा वन्सो

के छ माया सन्चो कि विसन्चो

सालैको पातले

दिए खान्थे मायाको दाहिने हातलै

### ४.२.४.५ खेली गीत

हाँसखेलका रुपमा तथा सरल तरिकाले व्यक्त हुने युवा युवतीहरुको सरस र प्रेमपूर्ण अभिव्यक्तिलाई खेली भनिन्छ । ख्यालख्यालमै गाइने गीत खेली हो (न्यौपाने २०६७ :२० । यस गीतलाई खेली,आँधिखोले भाका,चुड्का नामले पनि पुकारेको पाइन्छ । ख्यालख्यालमा गाइने र खेलेर गाइने भएकाले यसलाई खेली भन्नु सान्दर्भिक मानिन्छ । यो गीत वाह्रै महिना वा जुनसुकै समयमा पनि गाउन सकिन्छ । यो गीत विशेष गरी ब्राह्मण,क्षेत्री लगायत अन्य जातिहरुमा समेत प्रचलित छ । यो गीत घर,वनपाखा,जहाँसुकै गाउन सकिन्छ । यस गीतमा खैजडी,मुजुराका साथै अन्य वाद्ययन्त्रको प्रयोग गर्न सकिन्छ तर बाजाको अनिवार्यता हुदैन । यस गीतमा नृत्यको अनिवार्यता पनि हुदैन । यो गीत भिन्न लयमा गाउन सकिन्छ ।

खेली गीत विभिन्न प्रकारका हुन्छन् जसमा खेली गीत,खेली भजन र खेली चुड्का आदि पर्दछन् । यी गीतहरु ठाउँ र परिवेश अनुसार फरक फरक संरचनाका हुन्छन् । यो गीत दुई पंक्ति तीन पंक्ति,एकोहोरी,दोहोरी जसरी पनि गाउन सकिन्छ । यस गीतको अक्षर संरचना एकनासको हुदैन । पहिलो दुई पंक्ति भन्दा पछिल्लो पंक्ति केही लामो हुन्छ । यो गीत गाउँदा पहिला ढिलो गरी गाइन्छ भने पछि दोहोर्‍याई तेहेर्‍याई छिटो छिटो गाउने गरिन्छ । यस गीतको विषयवस्तु मूलतः मायाप्रेम नै हो भने यसमा धर्म र संस्कारको गीतहरु पनि गाउने गरिन्छ । यस गीतमा प्रेम,करुणा भक्ति जस्ता भावहरु आएका हुन्छन् ।

अन्य क्षेत्रमा जस्तै फलेवास क्षेत्रमा पनि यस गीतको लोकप्रियता छ । यहाँ एकोहोरी र दोहोरी गरी दुवै किसिमका खेली गीत गाइने गरिन्छ ।खेलीको उदाहरण तल उल्लेख गरिएको छ ।

केटा : पारी वन पालैमा,

कालो कौवा करायो

आज माया हरायो

केटी : पारी वन पालैमा,

वल्ल खवर पाउदैछु ,

भेट हुन आउँदैछु ।

केटा : पारी वन पालैमा,

वल्ल माया भरेउ त,

किन अवेर गरेउ त ?

### ४.२.४.६ एकोहोरी गीत

जुनसुकै समयमा पनि यो गीत गाउन सकिन्छ । एक्लै वा सामूहिक रुपमा सवाल जवाफ नगरी एकोहोरो पाराले गाउने गीतलाई एकोहोरी गीत भनिन्छ । यो गीत वालकदेखी बुढापाका सम्म जुनसुकै उमेरका मानिसहरुले गाउने गर्दछन् । यो गीत एउटै व्यक्तिले आफै झिकेर गाउन सक्छ र अरुहरुले पनि छोपेर गाउन सक्छन् । यो गीत औपचारिक कार्यक्रम लगायत अनौपचारिक जुनसुकै तवरले पनि गाउन सकिन्छ । फलेवास क्षेत्रमा पनि यस गीतको प्रचलन छ । यहाँ महिला र पुरुष दुवैले यो गीत गाउँछन् । एकोहोरी गीतमा आफ्ना मनमा लागेका विरह,वेदना र कारुणिक भावका गीतहरु नै मुख्य रुपले गाउने गरिन्छ । यो गीत पनि टुक्कायुक्त र टुक्कारहित दुवै किसिमको हुन्छ । आजभोली कुनै महोत्सव,मेला र जात्रामा यस्तो गीतको लोकप्रियता पनि वढ्दो रुपमा देख्न सकिन्छ । यसमा वाद्ययवादनको प्रयोग अनिवार्य छैन । साथै नृत्यको अनिवार्यता पनि हुदैन् । यो गीत घाँसपात गर्दा वा गोठाले जाँदा पनि गाउन सकिन्छ ।यस क्षेत्रमा गाएको एकोहोरो गीतको उदाहरण तल उल्लेख गरिएको छ ।

यो घरमा के दिन परियो

रुँदारुदै आँसुनै सकियो ।

वरिपरि संगी साथी भरिमा

मेरै रैछ अभागी करीमा

यो घरमा के दिन परियो

रुदाँरुदै आँसु नै सकियो ।

### ४.२.४.७ दोहोरी गीत

दुई पक्ष भएर एकले अर्कालाई जवाफ दिदै गाइने गीत दोहोरी गीत हो । दोहोरी गीतको जग एकोहोरी गीतवाट भएको हो । (न्यौपाने २०६७:१) । यो गीत महिला पुरुष वा पुरुष पुरुष र महिला महिला वीच पनि गाउन सकिन्छ । त्यस्तै घाँसपात,मेला,पर्व,उत्सव र घरमा बसेर जहिलै सुकै गाउन सकिन्छ । यो गीत सबै उमेरका मानिसहरुले गाउने गरे पनि प्राय युवा वर्गले बढी मात्रामा गाउने गरेको पाइन्छ । यस गीतमा वाँसुरी,ढोलक र मादल वाद्यवादनको प्रयोग गर्न पनि सकिन्छ ।

फलेवास क्षेत्रमा विभिन्न चाडपर्व,उत्सव तथा अन्य समयमा यस्ता गीत गाउदा यस्ता गीतमा मायाप्रीति,घोचपेच,हाँसखेल र सामाजिक विषयवस्तुको चित्रण वढी हुने गर्दछ । यस गीतमा हार जितको सम्भावना पनि उत्तिकै हुन्छ । आजभोलि मेला र महोत्सवमा यस्ता गीतहरुको लोकप्रियता वढ्दो रुपमा देख्न सकिन्छ । दोहोरी गीत प्रश्नोत्तर शैलीमा गाइने भएकाले कसको जीत हुन्छ भन्ने उत्सुकताले समेत मानिसहरु अन्त्यसम्म पनि ज्यादै रमाइलो मानेर सुनिरहेका हुन्छन् । यस क्षेत्रमा गाएका दोहोरी गीतका नमूना यहाँ उल्लेख गरिएको छ ।

केटा : यो मायाले पानै र चौकाले

भयो भेट वेलै र मौकाले ।

चौतारीको डिल मुनि मुनि

डिल मुनि वोलाए म छुनि ।

केटी : सपनीमा के हो के हो देखेको

आजै रैछ भेट हुन लेखेको

चौतारीको डिल मुनि मुनि

डिल मुनि वोलाए म छुनि ।

केटा : हे,लाउनी भए लाउ माया लाउनीले

नलाउ माया छोडेर जानीले ।

मायालु हाँसोले

जामकी वसम् वनायो मायालु हाँसोले

कतै मलाई वाँध्यौ मायालु पासोले ।

केटी : हे, मैले माया लाएका साँचो हो

माया सम्झी म रुनु व्यर्थै हो

मायालु हाँसोले

जामकी वसम् वनायो मायालु हाँसोले

कतै मलाई वाँध्यो मायालु पासोले ।

## ४.३ निष्कर्ष

लोक साहित्यको एउटा प्रमुख विधा लोकगीत हो । लोकगीतले असीमित क्षेत्र ओगटेको छ । त्यसैले लोकगीतको वस्तुपरक वर्गीकरण गरेको पाइन्छ । फलेवास क्षेत्रका लोकगीतलाई विभिन्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ । सजिलै वुझ्नका लागि यहाँ लोकगीतलाई संस्कार गीत,कर्म गीत,पर्व गीत र वाह्रमासे गीत गरी चार भागमा वर्गीकरण गरिएको छ । संस्कार गीतमा मागल र रत्यौली गीत पर्दछन् । श्रम गर्दाको अवसरमा गाइने गीत कर्म गीत हो । कर्म गीतमा जेठे,असारे,दाँई गीत पर्दछन् । पर्व विशेषमा गाइने गीत पर्व गीत हो । पर्व गीत अन्तर्गत तीजे गीत,मालसिरी गीत,भैली गीत,र देउसी गीत पर्दछन् । वाह्रमासे गीत जुनसुकै समयमा गाइने गीत हो । वाह्रमासे गीत अर्न्तगत ,घाँसे गीत,भजन,सालैजो गीत,कौरा खेली गीत,फ्याउरे गीत,एकोहोरी गीत र दोहोरी गीत पर्दछन् ।

यी गीतहरु मध्ये आजकल,कौरा र सालैजो गीत लोप हुँदै गएका छन् । दोहोरी गीत भने राम्ररी विकसित भइराखेको छ । धेरैको आकर्षणको रुपमा दोहोरी गीत लोकप्रिय पनि वन्दै गएको छ ।

## अध्याय पाँच

## फलेवास क्षेत्रका प्रचलित लोकगीतको विश्लेषण

लोकप्रिय विधाको रुपमा रहेको अनि मानव हृदयबाट स्वतस्फूर्त रुपमा निस्केको लोकगीत तत्स्थानको समाज र संस्कृतिको परिचय दिने सक्षम विधा मानिन्छ । त्यसैले विशाल विषयवस्तुलाई समेट्न सक्ने यस्ता लोकगीतको विश्लेषण गर्ने कार्य कठिन पनि छ । माथिको अध्याय चारमा फलेवास क्षेत्रमा गाइने विविध प्रकारका लोकगीतहरुको संङकलन,वर्गीकरण गर्ने कममा नै यस क्षेत्रमा गाइने संस्कार,कर्म, पर्व,वाह्रमासे गीतहरुमा समेटिएका विविध प्रकारका गीतहरुको परिचय दिने कार्य भईरहेको छ । यस पाँचौ अध्यायमा फलेवास क्षेत्रमा उल्लेखित लोकगीतहरुको विश्लेषण गर्ने कार्य भएको छ । मूलत यस अध्यायमा फलेवास क्षेत्रका लोकगीतहरुको विषयवस्तुका आधारमा विश्लेषण गर्ने कार्य भएको छ ।

साहित्य समाजको दर्पण भए भैं लोकगीत पनि लोक जीवनको ऐना हो । कुनै पनि लोकगीतमा लोकमा वस्ने मानिसहरुको कथा व्यथा,मिलन विछोड,र सुख दुखको भाव मिसिएका हुन्छन् । मानिस एक सामाजिक प्राणी हो । लोकगीतमा समाज भित्रका विभिन्न चालचलन, रितीरिवाज, धर्म चाडपर्व, कला, सँस्कृती, प्राकृतिक सौन्दर्य लगायत सामाजिक जीवनका मर्म पोखिएका हुन्छन् । लोकगीतमा समाजमा परम्परादेखि चल्दै आएका विभिन्न किसिमका संस्कारहरु, खेतीपातीको काम गर्दा, विभिन्न चाडपर्वका अवसरमा, प्रकृतीको मनोरम छटा र माया प्रेमका कुराहरु व्यक्त गरिएका हुन्छन् ।यहाँ यिनै विविध सामाजिक,आर्थिक,सास्कृतिक,प्राकृतिक, उपदेशात्मक र कृषि सम्वन्धी विषयवस्तुलाई विषयवस्तुका आधारमा फलेवास क्षेत्रका लोकगीतको विश्लेषण गरिएको छ ।

### ५.१. सामाजिक जीवनको चित्रण

लोकगीत पनि समाजको ऐना हो । लोकगीत र समाजबीच घनिष्ट सम्वन्ध छ । लोकगीतमा सामाजिक रीतिरिवाजका अतिरिक्त स्थानीयता,पारिवारिक अवस्थाको यथार्थ चित्र कोरिएको हुन्छ । समाजका विभिन्न जाति,समुदाय,तिनीहरुको जीवन पद्धति,रहनसहन,विश्वास र मान्यता जस्ता पक्ष लोकगीतमा व्यक्त हुन्छन् । त्यसका लोक जीवनका समग्र कियाकलापको समिश्रण हुन्छ । समाजमा परम्परै देखी चल्दै आएका बालविवाह,वहु विवाह,दाइजो प्रथा, लिंगभेद र लागुपदार्थ दुर्व्यसनले परेका असर जस्ता कुराहरु समेत लोकगीतमा आएका हुन्छन्

। सासू वुहारी,पति पत्नी,वावु आमा,दाजु भाई, दिदी,वहिनी,नन्द भाउजु र तिनका व्यवहार तथा पारिवारिक घटनावाट सिर्जित आँसु ,हाँसो,विरह,वेदना,दुख र सुख जस्ता भावहरुको व्याख्या यहाँका लोकगीतमा जस्ताका तस्तै वर्णित हुन्छ । जीवनका कारुणिक पक्षका साथै विदेशिएका दाजुभाई र आफ्नो लोग्नेको प्रतीक्षाका बसेका दिदी वहिनीहरुको विरह पनि फलेवास क्षेत्रमा लोकगीतमा व्यक्त गरिएको पाइन्छ ।

हाम्रो समाजमा नारी भएकै कारण भोग्नु पर्ने दुख,कष्ट पिर वेदनाहरुलाई लोकगीतमा सुमधुर ढङ्गले व्यक्त गरिएको हुन्छ । मनका वेदनाहरुलाई खाली मनमै राखी आफूलाई काममा मात्रै व्यक्त गरिएको हुन्छ ।

कहिल्यै पनि छोडेन डोको र नाम्लाले

साह्रै दुख मैले नारी हुनाले

न्याउली गाउँछ विरहको गीत वनमा नी

न्याउली रुँदा संगै रुन्छ मेरो मन पनी

दुख मैले भोग्नु पर्दा छैन मनमा थिर

कसलाई गई पोखुँ मैले यो मनको पीर ।

हाम्रो समाजमा वर्षभरि नै बुहारीलाई घरमै कज्याउने परम्परा रहेको छ । महिलाहरुले वर्षको एकपटक आउने महान् चाड तीजमा माइतवाट आफ्नो दाजु लिन आउँदा पनि आफुलाई नपठाएको र माइत जानको लागि आफ्नो परिवारलाई मनाउन लागेको कुराहरु र परिवार नमानेपछि दाजु रुँदै घर फर्कनु पर्दा बहिनीको मन रोएको स्थितिलाई तल प्रस्तुत गरिएको गीतको अंशमा व्यक्त भएको छ -

वर्ष दिनको तीजमा दाजु लिन आउनु भो

पठाइनन् वज्यैले फर्कि जानु भो

घर तल्तिर चौपारीमा वसे मेरा दाजु

स्वामी राजै वुझाएर आउँछु वरिलै

रुदैरुदै जानु भयो मेरो दाजु पनि

किन आउँछ रुवाउन पापी तीज पनि

सामाजिक विकृति अर्न्तगत जुवातास र लागुपदार्थ दुर्व्यसन बढेर गएको पाइन्छ र फलेवास क्षेत्रका गीतहरुमा ती पक्षहरुको अभिव्यक्ति भएको पाइन्छ। जाँड रक्सी र जुवातासले गर्दा उनीहरुको घरवार समेत विचल्ली हुने गरेको छ। तिनीहरु आफ्नो घरको कामघन्दालाई वास्तै नगरी जाँड,रक्सी र जुवातासका दिन पालेका देखिन्छन्। आफुहरु मोजमस्तीमा झुल्दै धनजनको वर्वादीमा लागेका हुन्छन्। घरमा श्रीमतीलाई मेलापातको काम गर्दा एकछिन फुर्सद हुँदैन लोग्नेलाई जाँड ,रक्सी ,चुरोट र मासु खाने पैसा पुगे पनि घरमा नुन,तेल,चामल,सावुन जस्ता अत्यावश्यकीय वस्तु किन्ने पैसा नभएर घर चलाउन धौ धौ भएपनि लोग्नेलाई कुनै वास्ता नहुने सन्दर्भ यहाँ प्रस्तुत छ

समयमै मेला जान्छु घरको काम सकेर

बेसी खेतमा भर प्यारा चिया लिएर

अव त भएन खै चिया आउने आशा

दिनकादिन खेल्छन् यिनी जुवा तास

खाने वानी परेको छ रक्सी,मासु,चुरोट

के मिठो हुन्थ्यो तिमीलाई घरको ढिडो त

रक्सी,मासु चुरोट सधै पुग्ने स्वामीलाई

घरमा चामल,नुनतेल पनि छैन हामीलाई।

हाम्रो समाजमा घाँस दाउरा गर्दा वा मेलापातको काम गर्दा एकल रुपमा भए पनि युवायुवतीहरुले प्रेम-प्रणयका भाव लोक लयमा गाएका हुन्छन् ।यस्ता गीतहरुले एकातिर

आनन्द प्रदान गरेका हुन्छन् भने अर्कातिर काम गर्दा लाग्ने थकाईको अनुभव नभई समय छिट्टै विते जस्तो पनि हुन्छ । उदाहरणको रुपमा हरफहरु प्रस्तुत गरिएको छ ।

यो मायाको मधुर बोलीले

लाग्यो मलाई मायाको गोलीले

तिमी काँको म पनि काँको ?

दुई खोलीको पानी झैं भेट भाको ।

नेपालमा वेरोजगारी समस्या बढ्दो गएको छ । यसर्थ आजभोलि धेरै युवाहरु रोजगारीको सिलसिलामा विदेशमा जाने गर्दछन् । उनीहरु साहुको ऋण तिर्न,राम्रो लाउने र मिठो खाने चाहना लिएर गएका हुन्छन् । श्रीमतीहरु घरमा विदेशिएको श्रीमान्को प्रतीक्षामा रहन्छन् । तर आफ्नो पनि धेरै समयसम्म नआएको क्षणलाई सम्झदै दुखी जीवन एक्लै विताउन वाध्य हुनु परेको भाव यसरी व्यक्त गर्दछन् ।

ऐ हो,वाध्य भयौ माया लाहुरै जानी

देशमा भएन रोजगारी पनि

ऐ,हे, साहुको रिन महङ्गो वेसरी

भन हितैषी तिर्छौ खै के गरी ?

त्यस्तै हाम्रो समाजमा सानैमा धेरै बाल बालिकाले आफ्ना बावु आमा गुमाएर टुहुरा बनेका छन् । उनीहरु आफ्ना बावुआमाको काखमा वसेर खाने,लाउने,र पढ्ने वेलामा आँखा भरि आँसु लिएर बाँच्नु पर्ने विवशता छ । यस्तै विवशतालाई फलेवास क्षेत्रका लोकगीतहरु मार्फत् थाहा पाउन सकिन्छ ।

जन्म दियौ यो पापी वाललाई

दुख पाएँ जिन्दगी भरिलाई

रुदाँरुदै पाट्यो चोला नि

यो जीवनमा यत्तिकै भररह्यो

मरे भेट आमा सँग होला नि ।

सवै वाउ आमा साथमा देख्छु

सधै मलाई धने आँखाभरि आँसु

रुदाँरुदै पाट्यो चोला नि,

यो जिवनमा यत्तिकै भइरह्यो

मरे भेट बासँग होला नि ।

### ५.२ आर्थिक जीवनको चित्रण

मानिस सामाजिक प्राणी हो । उसको अनेकौं आवश्यकता हुन्छन् । ती पूरा गर्ने माध्यम अर्थ हो । धनविना कुनै पनि व्यक्तिले आफ्नो कार्य अगाडी वढाउन सक्दैन । समाजमा सवै मानिसहरु संग रुपैया पैसा हुदैन । कोही मानिस धनी हुन्छन् तर कोही गरिव हुन्छन् । जब व्यक्ति गरिव हुन्छ उसलेस परिवारमा अनिवार्य आवश्यकता पूरा गर्न सक्दैन । कोही मानिसहरुले स्वदेशमा वसेर ज्यालादारी काम गरेर पनि आफ्नो जीविका चलाएका हुन्छन् । आर्थिक जीवनका समस्याहरु ग्रस्त पक्षहरुलाई फलेवास क्षेत्रमा गीतहरुमा अभिव्यक्ति दिने काम भएको छ ।

नेपालको जनताको मुख्य पेशा एव आय आर्जनको स्रोत अन्नवाली हो । त्यसैले नेपाललाई कृषि प्रधान देश भनिन्छ । यहाँका अधिकांश मानिस कृषिमा नै आश्रित छन् । यहाँका मानिसहरुले उब्जाएको अन्नवालीले वर्ष दिन खान समेत पुग्दैन । कोही मानिसलाई दिनरातभरी मरीमरी काम गरे पनि साँझविहान हातमुख जोर्न समेत गाह्रो परेको छ । गरिव एवं आर्थिक अवस्था कमजोर भएका व्यक्तिलाई कसैले वास्ता गर्दैन । ऋण लाग्दा उनीहरुलाई साहुले पनि पत्याउँदैनन् । यस फलेवास क्षेत्रका वासिन्दाहरु पनि आर्थिक दृष्टिले कमजोर छन् । पहाडी भू- भाग भएकाले दुख गरेर कोही किसानलाई तीन महिना कोही किसानलाई ६ महिना र कोही नगण्य मात्रमा मात्रै किसानले वर्ष दिनसम्म अन्नवाली खान पुर्‍याउने गर्दछन् । यहाँ यस फलेवास क्षेत्रको आर्थिक अवस्थाले सिर्जित विभिन्न समस्याहरुलाई गीतमा लिएर व्यक्त

गरिएको छ । फलेवास क्षेत्रमा अधिकाशं मानिसहरुले आफ्नो जीविका चलाउनका लागी रोजगारीको खोजीमा विदेशतिर जानु पर्ने बाध्यता छ । यसर्थ श्रीमान् विदेशतिर जानुपर्ने र श्रीमतीले घरमा वसी एक्लै मेलापात गरि आफ्नो गरि श्रीमान्को आगमनको वाटो कुर्दै वर्षौ विताउनु पर्ने दयनीय अवस्थाको चित्रण यहाँ प्रस्तुत गरिएको छ ।

सधैभरि घरमा वसी नपुग्दो रैछ है

स्वामी भए परदेशतिर एक्ले छोडी है

वसेकी छु पर्खदै स्वामीको आगमन कहिले आउँछ है

पर्खदा पर्खदै सात आठ वर्ष विति सक्यो है ।

आर्थिक अवस्था कमजोर भएको कारणले एउटा परिवारभित्र पनि मिलनको वातावरण वन्न निकै कठिन पर्न जान्छ । घरमा वुवा वित्ने, वुढीआमा आफ्नो छोरो विदेशवाट कहिले आउला भन्दै पिंढीमा वसेर रुदै छोराको वाटो हेर्ने जस्ता स्थितिहरु हाम्रो समाजमा भेटिन्छन् । बुढीआमा आफ्नो छोराको पर्खाइमा रुदै वस्दै गर्दा उनका वेदनाको पोकोको हरपहरु यहाँ व्यक्त गरिएको छ ।

मेरो दाजु विदेशवाट घर नआउँदा फर्केर

बुढी आमा पिँढी छेउमा रुन्छिन् धर्केर ।

हिन्दू नारीहरुको महान् चाड तीजमा चेलीलाई माइत जान रहर लाग्छ । बाबुआमा बितेर जानुभो तर तीजमा दाजुभाईले वास्ता नगरेको कुरा गीतमा व्यक्त गरिएको छ । दाजुभाईका हातमा करौडौ सम्पति भए पनि त्यसले छोरी चेलीलाई केही काम लाग्दैन । आर्थिक अवस्था कमजोर भएका चेलीलाई दाजुभाई,भाउजु र बुहारीले पनि वास्ता नगरेको गुनासो पनि यहाँको गीतहरुमा व्यक्त भएको पाउन सकिन्छ ।

खान केही नभए पनि खान्थ्यौ रोटी वनाएर

दाजुभाइ दिदी बहिनी वस्थ्यौ भलाकुसारी गरेर

कोट सर्ट पाइन्ट दियौ दाजु माग्नेलाई

हरियो टपराको रहन भने हामीलाई

करौडौ सम्पती दाजुभाईको हातमा

भाउजुको जडौरी हाम्रो साथमा

यहाँ मानिसहरु धनी र गरिव हुनु पनि भाग्य कै खेल हो भन्ने ठान्दछन् । उनीहरु कर्मलाई भन्दा भाग्यलाई बढी महत्व दिन्छन् । उनीहरु कुनै काम सफल नहुनु तथा आर्थिक अवस्था कमजोर हुनु पनि भाग्यकै खेल सम्भन्छन् र सोचे जस्तो काम नहुनुलाई कर्मको खेल ठान्दछन् ।त्यस्तै आर्थिक अवस्था कमजोर भएर घर पनि पातीले वारेको झुप्रामा वसेर मागी खान परेको कुरा यस क्षेत्रमा गीतमा यसरी व्यक्त गरिएको छ ।

घर त मेरो सरुमै रानी पातीले वारेको

मागी खान सरुमै रानी कर्मले पारेको ।

यहाँ लोकगीतहरुलाई गरिवीको दुख पीडाका साथै सम्पन्न आर्थिक स्थितिको पनि कल्पना गरिएको हुन्छ । विशेषगरि तिहारमा खेलिने देउसी र भैलोमा दिइने आंशिकहरुमा त्यस्ता भावहरु अभिव्यक्त गरिएको छ ।

आयौ हामी भैलो

जिम्माल वाको भैलो

आँगनी मै भैलो

यो घरमा भैलो

राम्रो होओस् भैलो

धन सम्पती भैलो

प्रशस्त होओस् भैलो

यो घरमा भैलो

जेठा छोरा भैलो

मन्त्रालयका सचिव भैलो

भइ जाउन् भैलो

कान्छा छोरा भैलो

डाक्टर साव भैलो

भई जाउन् भैलो

धन नै जीविका निर्वाहको मुख्य स्रोत रहेको छ । आर्थिक अवस्था नाजुक भएर कसैलाई विदेश जाने वाध्यता छ भने कसैलाई ज्यालादारी र घरायसी काम गरेर जेनतेन गुजार्नु परेको छ । धनकै कारण परिवारमा अपमानित हुनु परेका कथा व्यथा समेटिएका कुराहरुलाई यहाँ अर्थ सम्वन्धी गीतहरुमा अभिव्यक्त भएको पाइन्छ ।

## ५.३ साँस्कृतिक पक्षको उद्घाटन

सामाजिक परम्परा,रहनसहन,विश्वास,जीवनमूल्य, सामाजिक मान्यता धारणा आदिको सम्वन्धित रुपमालाई संस्कृति भनिन्छ । प्रत्येक जातिको आफ्नै किसिमको संस्कृति हुन्छ । हरेक मानिसहलाई संस्कृतिले केही न केही प्रभाव पारेको हुन्छ । यस क्षेत्रमा पनि अन्य क्षेत्रमा जस्तै आफ्नै संस्कार र परम्परा रहेका छन् । प्रत्येक जातिका आफ्नै संस्कृति हुन्छन् र केही संस्कार सामूहिक रुपमा सबैको एकै प्रकारको हुन सक्छ ।

परम्परा देखि चल्दै आएका केही संस्कृति लोकगीतको मात्र आफ्नो अस्तित्व कायम राखेका हुन्छन् । हिन्दू धर्ममा जन्मदेखि मृत्युपर्यन्त गरिने सोह्र संस्कारहरुको उल्लेख गरिएको हुन्छ । त्यस्ता संस्कारहरु केही समाजवाट हराउँदै गए पनि केही संस्कारहरु अहिले समाजमा लोकप्रिय रहेका छन् । यस क्षेत्रमा दसैका अवसरमा गाइने मालसिरी,विवाह,व्रतवन्ध जस्ता शुभ कार्यमा गाइने मागल,त्यस्तै विवाहका असरमा गाइने रत्यौली,तिहारका अवसरमा खेलिने भैलो र देउसी,उपवास वस्दा गाइने केही व्रत गीत,दैनिक रुपमा गरिने आरती र विभिन्न अवसरमा गाइने भजनमा पनि कुनै न कुनै रुपमा संस्कृतिको चित्रण भएको हुन्छ ।

नेपालका हरेक ठाउँमा जीवित रहेको संस्कृति यस क्षेत्रमा पनि जीवित रहेको छ । त्यस्ता संस्कृतिले पनि व्रतवन्ध तथा विवाह संस्कारका प्रकृति हुन् । ती संस्कृतिभित्र गायन संस्कृतिले पनि स्थान पाएको छ । यहाँ व्रतवन्ध र विवाहमा मागल नामले गाउँछन् । ती गीतहरुमा यहाँको संस्कृति पक्षको उद्घाटन भएको छ ,भेट्न सकिन्छ । यहाँको संस्कृति झल्कने व्रतवन्धमा गाइने मागल गीतको अंश यहाँ उल्लेख गरिएको छ ।

दस मैना कोखमा राखी जन्म दियो आमा

आठ वर्षसम्म मलाई काखमा लियौ आमा

आज तिम्रो काख छोडी जोगी भई आँए

देउन आमै सातै मुठी भिख मैले माएँ ।

विवाहको अवसरमा पनि मागल गाउने गरिन्छ । यस फलेवास क्षेत्रमा गाइने विवाहको अवसरमा गाइने मागल गीतमा साँस्कृतिक पक्षको परिचय पाइन्छ ।

हातै लियौ छातै त काखी च्याप्यौ झोला

आई पुग्यौ ससुराली देश विवाहको कुरा गरनि त

पण्डित बावाज्यू पुराकर्म गरिदिनुस,है

माइती घरमा पाली शुभै पिंजडैमा वसेका

नेपाली नारीहरुले आफ्नै पतिलाई भगवान्‌को रुपमा मान्दछन् । उनीहरुले आफ्नो पतिको कुनै पनि वचन काट्नु हुँदैन भन्ने परम्परा हाम्रो सामाजिक मूल्य मान्यताभित्र रहेको छ । यहाँ तीजको अवसरमा वुवा लिन आउँदा पनि श्रीमान्‌ले मलाई छोडेर माइत नजाउ भन्छन् । श्रीमतीले श्रीमान्‌को कुरा मान्नु पर्ने जस्ता कुराहरु तलका अंशहरुको वताएका छन् ।

गोठभरी वस्तुभाउलाई भोकभोकै छोडेर

लौ कसरी जान्छ्यौ प्यारी वचन तोडेर ?

दसैको घटस्थापना देखि नवमीको रातिसम्म मालसिरी गाउने प्रचलन पाइए पनि हाल यसमा केही कमै मात्रामा गाइने गरिन्छ । यहाँका प्रौढ महिला र पुरुषहरुले नवदुर्गाको स्तुती गर्दै राक्षसी प्रवृतिको विनाश र देवीको कल्याण होस् भन्ने कामना गर्दछन् ।

सहस्र वाणसे शत्रु,दरिणी,सेवकको वर दायिनी

जय देवी कालिका प्रसन्न भयौ हो,जय देवी कालिका

दशैपछि तिहारमा महिलाहरुले भैली गाउँछन् भने पुरुषहरुले देउसी गीत गाउँछन् ।भैली गीतमा घर आँगन सफा गर्ने गाई,गोरु,कुकुर,काग,भाई आदिको पूजा गर्ने साथै दीर्घायु र मंगल कल्याणको कामना गर्ने मान्यता लोकगीतमा व्यक्त गरिएको हुन्छ । यस फलेवास क्षेत्रमा गाईने माङ्गलिक गीतहरुमा केही त्यस्ता अंशहरु प्रस्तुत छ ।

हामीलाई फलेवास क्षेत्रमा

वलिराजाले पठाएका

हे,औसीवार

गाई तिहारो भैलो ।

टाढा देखि आका छौ

हे, औंसीवार

गाई तिहारो भैलो ।

जसले दिन्छ मुरी

उसको सुनको धुरी

हे, औसीवार

गाई तिहारो भैलो ।

नाङ्गोमा चामल हालेर

दियो वत्ती वालेर

हे, औसीवार

गाई तिहारो भैलो ।

यसरी नै तिहारमा लक्ष्मीपूजा गरिसकेपछि पुरुषहरुले प्रत्येकको घर आँगनमा पुग्दै देउसी खेल्ने आंशिक दिने र रुपैया पैसा लिने गर्दछन् । यस क्षेत्रका देउसी खेल्दा गाउने गीतको नमुना तल प्रस्तुत छ ।

| | |
|---|---|
| ए, झिलीमिली झिलीमिली | देउसी रे |
| ए, के को झिलीमिली | देउसी रे |
| ए, वत्तीको झिलीमिली | देउसी रे |
| ए, झिलीमिली झिलीमिली | देउसी रे |
| ए, घरवेटी दिदी | देउसी रे |
| ए, छिटो गर्नुस् | देउसी रे |
| ए, यहाँ मात्र हैन | देउसी रे |
| ए, चारै दिशा | देउसी रे |
| ए, पुग्नु नै पर्छ | देउसी रे |
| ए, यो घरमा त | देउसी रे |
| ए लक्ष्मीले | देउसी रे |
| ए वास गरुन् | देउसी रे |
| ए,सवै दुख कष्ट | देउसी रे |
| ए, हटेरै जाउन् | देउसी रे |

मानिसका जन्म देखि मृत्युपर्यन्त विभिन्न संस्कार हुन्छन् । तीमध्ये विवाह एक संस्कार हो । सास्कृतिक प्रचलन अनुसार विहे गर्न गएको दुलाहाको घरमा रत्यौली खेल्ने चलन छ । अत्यन्त हर्षित हुँदै आमाहरुले यस अवस्थामा विभिन्न गीत गाउँछन् । फलेवास क्षेत्रमा रत्यौली गीतका केही अंश यहाँ प्रस्तुत गरिएको छ ।

हाम्रो वावु छ सारै ज्ञानी

लिएर आउदैछ जीवनको संगिनी ।

अफ्भै पनि पुगेन धोका

रातो डोली वावुले त्यही रोका

विवाहको अवसरमा दुलाहा तथा दुलही पक्षको घरमा सान्दर्भिक मागलहरु गाउने चलन यस क्षेत्रमा रहेको छ । हाम्रो संस्कार अनुसार विहे गर्न गएको दुलहाको घरमा रत्यौली खेल्ने चलन छ । अत्यन्त हर्षित हुदै आमाहरुले यस अवस्थामा विभिन्न गीत गाउँछन् । फलेवास क्षेत्रमा गाइने रत्यौली गीतका केही अंश यहाँ प्रस्तुत गरिएको छ ।

हाम्रो वावु छ सारै ज्ञानी

लिएर आउँदैछ जीवनको संगिनी ।

अफ्भै पनि पुगेन धोका

रातो डोली वावुले त्यही रोका

विवाहको अवसरमा दुलाहा तथा दुलही पक्षको घरमा सार्न्दर्भिक मागलहरु गाउने चलन यस क्षेत्रमा रहेको छ । हाम्रो संस्कार अनुसार मागल गायो भने मंगल वा कल्याण हुन्छ भन्ने विश्वास रही आएको छ । छोरो विवाह गर्न जाँदा वरियात निकाल्ने क्रममा छोराले यसरी मागल गाउँछ ।

भयो जाने वेला खान्छु आमा माली गाईको दही

अन्माई दिनुस् सवै जन्ती जान्छौ अव है ।

दुलाहाले दुलही लिएर आएपछि घरमा धार्मिक विधिपूर्वक दुलही भित्राउने गरिन्छ । यसरी दुलही भित्राउने क्रममा दुलाहकी आमाले यसरी मागल गाउँछिन् ।

के को पानी खायौ वालै के को खायौ भोजन

कसरी छोरी लेर आयौ वालै ?

आमाले सोधेको प्रश्नको उत्तर दिने क्रममा छोराले पनि यसरी मागल कै रुपमा उत्तर दिने गर्दछन् ।

खाइयो आमा आइयो आमा,मूलेको पानी

ल्याइयो आमा ल्याइयो आमा,कुलैकी छोरी

खाइयो मुगीमासे दाल आमा,भोटकै नुन

खाइयो आमा खाइयो आमा मीठा-मीठा भोजन ।

हाम्रो समाजमा दुलही अन्माएर आफ्नो जन्मघर चटक्कै छोडेर पराईको घरमा जानुपर्ने संस्कृति रहेको छ । यसरी पराई घर जाँदा नरमाइलो लाग्नु स्वाभाविकै हो । पराई जानु पर्दा मन रोईरहकै हुन्छ । त्यसैले रत्यौली गाउँदा महिलाहरुले दुलहीलाई नरोई नरोई आउन आग्रह गर्दै गीत गाउने गर्दछन् । यस्ता गीतहरु पनि फलेवास क्षेत्रमा रत्यौलीमा गाइने गरिन्छ जुन गीतको अंश यहाँ उल्लेख गरिएको छ ।

नरोई नरोई आउन माया

नरमाइलो लाग्छ हामीलाई

छिटो छिटो सारन पाइलो

तिम्रो भन्दा हाम्रो घर रमाइलो ।

यस क्षेत्रमा चाडपर्व तथा अन्य अवसरमा भजन,चुड्का गाउने प्रचलन पहिले देखी नै चलिआएको हो । भजनको सुरुवात गर्नुपूर्व देवी देवतालाई धूप,दिप र नैवेद्य चढाएर आरती गाउने गरिन्छ । रामसंग सम्वन्धित भएर गाइएको यस्तो भजन अंश तल प्रस्तुत गरिएको छ ।

हरि,सन्जे जगाउ नि राम सन्जे जगाउ

आरतीको वेला भयो भक्त राम सन्जे जगाउ ।

यस फलेवास क्षेत्रमा शिवरात्रि,एकादशी,वाला चतुर्दशी ,सत्य नारायण र रामनवमीका अवसरमा भएर गाउने गरिन्छ । यही परम्परालाई जीवित राख्ने क्रममा देवी देवताको भक्ति,उपसना गरियो भने अर्को जन्ममा मुक्ति मिल्छ भन्ने भावको गीत यहाँ प्रस्तुत गरिएको छ ।

हरि भन्छु मइले

राम राम भन सवैले

भक्ति भावनाले

मुक्ति हुन सजिलो

हामीलाई लाग्छ आश

वैकुण्ठमा होस् बास

यसरी यस क्षेत्रमा गरिने संस्कार कर्मका अवसरमा गाइने गीतहरुले यहाँको संस्कृतीलाई झल्काएका छन् । यस्ता गीतले मानिसहरुलाई आफ्नो धर्म र संस्कृति प्रति आस्था राख्न प्रेरित गरेको पाइन्छ ।

### **५.१.४. प्राकृतिक सम्पदाको अभिव्यक्ति**

नेपाल प्राकृतिक सम्पदाले धनी देश हो । मानिस प्राकृतिकको अनुपम सौन्दर्यमा रमाउन चाहन्छ । लोकगीतको जन्मथलो नै प्रकृति हो । प्राकृतिक सौन्दर्यले मानिसलाई हाँस्न,वोल्न र रुन पनि सिकाउँछ । मानिसले लोकगीत मार्फत आफ्ना मनका विरह,रोदन,आँसु हाँसोको भाव प्रकृतिको काखमा नै रहेर व्यक्त गर्दछन् । फलेवास क्षेत्रका लोकगीतहरु पनि पहाड,वन,पाखा,डाँडाकाँडा,तराई,हिमाल,खोलानाला र नदी आदि प्राकृतिक सम्पदालाई आधार वनाएर सिर्जित भएका छन् । प्राकृतिक सम्पदालाई उच्च महत्व दिएर सिर्जना गरिएका

प्रचलित गीतमा वनमा वस्ने विभिन्न चराचुरुङ्गीहरु मध्ये कोइली,जुरेली,ढुकुर ,न्याउली लगायतका चराको प्रसङ्गलाई जोडेर गीत गाएको पाइन्छ ।

यस क्षेत्रका प्रचलित गीतहरुमा वेलाउती,कागती,र सुन्तला जस्ता पुलवृक्ष र सयपत्री,मखमली,गुरासँ फूल आदि जस्ता प्राकृतिक फलफूल चित्रित छन् । त्यस्तै तोरी र करेला जस्ता तरकारी वर्णन गरिएको पाइन्छ । यस क्षेत्रका घना वनजङ्गल रहेको छ । यहाँका गाई भैसीलाई खुवाउने घाँसपताहरुमा अम्रिसो,खनियो,गेडुलो,लगायतका घाँसपातको चित्रण भनि भेटिन्छ । यहाँ पहाडी भेगमा ढकमख्ख फुल्ने गुराँस र चमेलीको वास्ना संग सम्वन्धित एउटा गीतको अंश प्रस्तुत गरिएको छ ।

फुल फुल्यो चमेली

वास्नै आयो बनभरि

लालीगुराँस ढकमक्क

छन् सवै दृश्य हेरिकन मख्ख

विभिन्न बोटविरुवाका रुखमा,विभिन्न फलफुलका वोटमा चराचुरुङ्गीहरु बसेका हुन्छन् । यस गीतमा एउटा ढुकुर चरी,सुन्तलाको बोटमा वसेको छ । ढुकुर पनि वाँच्न पाउनु पर्छ तर यहाँ ढुकुरलाई मार्नका लागी गुलेली मागिएको भए पनि छैन भनिएको छ । त्यस चरीलाई वाँच्न दिनुपर्छ भन्ने प्रसङ्गलाई देखाउदै यस्तो गीत गाइएको छ ।

सुन्तलाको हाँगाविना टुप्पै वस्यो ढुकुर

त्यो ढुकुरलाई मार्छु नि मैले खोई ल्याउ वावु गुँदेली वरिलै

खोई ल्याउ बावु गुँदेली ।

सुन्तलाको वोटमा वस्ने चरीको के दोष

त्यो ढुकुर मार्नु हुँदैन हामीले, छैन वा गुदेली वरिलै

छैन बाबा हामीसँग गुँदेली ।

पहाडी भेगमा पाइने जडीवुटी र वारीमा तोरी फुलेपछि त्यो तोरीले वातारवरणलाई नै आकर्षण वनाइएको हुन्छ । यही प्रसङ्गलाई जोडेर गीतको अंश यहाँ उल्लेख गरिएको छ ।

माझी गाउँको तोरी वहुतै फुलेको

त्यो तोरी टिपी करेली भुटेको

सिस्नुको मुन्टा,कुरिलाको जरा

अल्प रगत हुनेलाई निको पार्छ सारा ।

यस फलेवास क्षेत्रमा हिउँदको समयमा वारीमा,खेतमा घाँसपात खासै हुदैन । त्यसैले यहाँका मानिसहरु गाई बाखा वनमा चराउने गर्दछन् । वेसीमा घाँस पलाएको छैन तर वनपाखामा घाँस पलाएको छ प्रेमीले गीत मार्फत् व्यक्त गरेको छ । आफ्नो मायालुसंग सुख दुखका कुरा पनि भन्न पाउने आशाले माथितिर नै गाईवाखा ल्याउन आग्रह गरेको छ । यस सम्वन्धी गीतको अंश यहाँ प्रस्तुत गरिएको छ ।

गर्नुपर्छ गाईबाखा पालन

माथितिर खनियो अम्रिसो छ मानन

दुवै मिली हाँसी खेली घाँस काटौला

घाँसको भारी वनाई दुख सुखका कुरा साटौला ।

मानिसहरु वनमा घाँस र दाउरा काट्न जान्छन् । वनमा घाँसपात गर्दा हाँसो,विरह,वेदना र दुख तथा आपत्तिका कुरा पनि व्यक्त गर्दछन् । यस झ्याउरे गीतमा वाहिर हेर्दा मन सुखि भए पनि भित्रभित्र रोइरहेको भाव व्यक्त गरिएको छ । उदाहरणका लागि गीतको अंश तल गरिएको छ ।

घाँस काट्यौ अम्रियो र खनियो

रोए पनि मन हाँसरे वोलियो ।

मानव प्रकृतिप्रेमी हुन्छ र प्रकृतिसंगै रमाउन चाहन्छु । तल उल्लेख गरिएको गीतमा एक जोडी मायालु एक अर्कालाई नदेख्दा र प्रेमीले प्रेमिकालाई वोलाउँदा नवोलेपछि उसको मन खुसी हुँदैन । काली नदीको पानी निश्चल रुपमा वगिरहेको छ । त्यस्तै आफ्नै मायालुको मन पनि सफा रहेको तर उसलाई वोलाउँदा नवोलेपछि आफ्नो मन उमङ्ग हुँदैन,खुसी हुदैन भन्ने भाव यस गीतमा व्यक्त गरिएको छ ।

यो मायालाई वोलाउँदा नि वोलिन

काली गंगा भएन मन उमङ्ग

मानव प्रकृतिको काखमा हुर्केको हुन्छ । प्रकृतिको काखमा वसेर आफ्ना मनका सुख,दुख,आँसु,हाँसो र विरहका भाव पोख्न पाएको छ । वनपाखा डाँडाकाँडा, खोलानाला, हिमाल, पहाड तराई,चन्द्र र सूर्य फलफुल र पशुपन्छीलाई गीतमा व्यक्त गरिएको छ । फलेवास क्षेत्रमा गाइने गीतमा प्रकृति सजीव पक्षको चित्रण गरिएको छ र प्रकृति प्रेमको उच्च महिला गाइएको पाइन्छ ।

## ५.५ नैतिक मूल्यको अभिव्यक्ति

समाजमा मानिसलाई अनुशासित गराउन,सभ्य र कर्तव्यनिष्ठ गराउन नीति शिक्षाको आवश्यकता पर्दछ । हिन्दू धर्मका ग्रन्थहरुमा ,वेद ,उपनिषद्,गीता पुराणहरुमा नीति शिक्षाका कुरा उल्लेख गरिएको छ । यहाँका लोकगीतहरुमा समेत नीति शिक्षाका कुराहरु उल्लेखित रहेका छन् ।

हरेक मानिसहरुले आफूलाई दुख,कष्ट र आपत् परेपछि मात्र ईश्वरलाई सम्झने गर्दछन् । ईश्वर निराकार छन् र प्रत्येक प्राणीको आत्ममा ईश्वरको वास हुन्छ । त्यसैले ईश्वरलाई दुखमा मात्र नभई सदा सर्वदा संझिरहनु पर्दछ भन्ने आशय यस चुड्का भजनमा प्रस्तुत गरिएको छ ।

जपिदैन हरि

मनमा पिर नपरी

मनमा पिर नपरी

मानिस स्वस्थ्य रहन विहान सवेरै उठ्न पर्छ । आफ्नो नित्य कर्म गर्नुपर्छ । जपतप पाठ पूजा गर्नु पर्दछ । भगवान्को पूजा उज्यालो भएपछि उज्यालो भएपछि आफ्नो काममा जानुपर्दछ । यस्ता नित्य कर्मले मानिस खुसी र सुखी रहन सक्छ । यस्तै नैतिकवान् भावनात्मक सत्चरित्रको अभिव्यक्ति यस फलेवास क्षेत्रका गीतहरुमा व्यक्त गरिएको छ ।

उठ्नु पर्छ सवेरै विहान सधै

भगवान्को पाठपूजा गर्नुपर्छ नित्यै

सवेरै उठ्ने मानिस हुन्छ निरोगी

सवै मानिस भन्दा देखिन्छ खुसी राजी

यस्तै धार्मिक,नैतिक मूल्यको आग्रह गरिएका गीतहरु यस फलेवास क्षेत्रमा गाउने गरेको पाइन्छ ।

### ५.६ कृषि जीवनको चित्रण

नेपालमा अंधिकांश जनताहरु कृषिमा आश्रित छन् । त्यसैले हाम्रो देश कृषिप्रधान देश हो । यहाँका विभिन्न ठाउँमा वस्ने मानिसहरु आ-आफ्नै तरिकावाट कृषि पेशामा संलग्न भएका छन् र उनीहरु आजकल आधुनिक कृषि प्रणालीको व्यवस्थाप्रति पनि आकर्षित हुदै आएको छन् । नेपालमा हरेक क्षेत्रमा जस्तै यस फलेवास पनि मानिसहरु धेरै जसो समय खेती पातीको काममा नै व्यस्त हुन्छन् । मौसम अनुसारका विभिन्न खेतीपाती लगाउनु यहाँको मानिसको मुख्य पेशा नै हो ।  खेतीपातीको गोडमेल गर्नु र थन्क्याउने कार्यमा यहाँका मानिसको मुख्य पेशा नै हो । खेतीपातीको गरेर आफ्नो जीविका चलाउने हुनाले रातदिन काममा नखटी जीवन धान्न समेत मुस्किल पर्छ । सधैभरी कृषि कार्यमा लाग्दा कहिलेकाहि निराश र दिक्क लाग्दो अवस्था पनि आउन सक्छ । काम गर्दा हुने थकानलाई विर्सने गरि हाँसीखुसी काम गर्न सकियोस् र काम गर्दा एक्लोपन नहोस् भनी मानिसहरु काम गर्दै गीत गाउने गर्दछन् । त्यस्तै आफ्ना मनका पीर,वेदना,हाँसखेल र समस्याका साथै खेतीपातीको प्रसङ्गलाई लिएर पनि गीत गाउने गर्दछन् । यस्ता कृषि सम्वन्धी गीत कुनै एकोहोरी,कुनै दोहरी र कुनै सामूहिक खालका पनि हुन्छन् । यस्ता गीतहरु महिलाले एकल रुपमा वढी गाउने गर्दछन् ।

यहाँ वैशाख जेठमा मकै गोड्दा, असार,साउनमा धान रोप्दा र मंसिरमा दाँई राख्दाको प्रसङ्गलाई जोडेर गीत गाउँछन् । तल उल्लेख गरेको गीतमा मकै गोड्दाको प्रसङ्गलाई जोडेर एउटा महिलाले गीत गाएकी छे । जेठ महिनाका प्रचण्ड कामको समेत कुनै प्रवाह नगरी एक्लै गोडेको प्रसङ्गलाई यहाँ गीतमा व्यक्त गरिएको छ ।

जेठ र मासमा यिनै चर्का घाम

एक्लै मकै गोड्छ्यौ नि है ।

मानो खाएर मुरी पलाउनेको अति व्यस्त समय असार र साउन महिना हुन् । कृषकहरु असार महिनामा बढी खेतीपाती लगाउने काममा सक्रिय हुन्छन् ।यहाँको किसानहरुको मुख्य वाली अन्तगत धान,कोदो र मकै नै पर्दछन् । असार महिनामा खेतमा काम गर्दा एकातिर भरी पर्ने र काम गर्न अप्ठ्यारो हुन्छ त्यही चर्को घामपानी र भोकतिर्खाको समेत कुनै प्रवाह नगरी सुख,दुख,हाँसखेल,वेदनाका कुरा असारमा गरिने विभिन्न काम र खानेकुरालाई समेत जोडेर गीत गाउने गरिन्छ । हली र वाउसे खेतको माटो लेदो वनाई समतल पारेका हुन्छन् । खेतालाहरु त्यही छपछपाउँदो हिलो माटोमा एक हातमा धानको वीउ अर्को भाका घन्काउँछन् । असार पन्ध्रलाई रोपाई चाडको दिनको रुपमा मनाउने गर्दछन् भने कही कतै त रोपाई महोत्सव र नाचगान गरि रमाइलो गर्दै रोपाई पनि गर्दछन् । असार रोपाई गर्दा गाइने यहाँका गीतको केही अंश यहाँ प्रस्तुत गरिएको छ ।

असार मास दश र पन्ध्र रोपाईको चटारो,

हलीले हान्यो खेतालालाई वीउको भटारो ।

हो कि होइन,हो भनी देउ न वीउको भटारो ।

असारमा जस्तै मंसिरमा पनि यहाँका किसानहरु खेतीपातीकै काममा व्यस्त हुन्छन् । असारमा लगाएको धान काटी कुन्यु लगाई खेतमा खलो वनाउने धान काटी दाँई राख्ने गर्दछन् भने धान लगेर घरमा थन्क्याउनमा व्यस्त हुन्छन् ।

## ५.७. निष्कर्ष

फलेवास क्षेत्रका लोकगीतमा सामाजिक चित्रण, आर्थिक जीवनका समस्या तथा यसको रहस्यको पहिचान, साँस्कृतिक जीवन पद्धती,प्राकृतिक सम्पदाको विश्लेषण तथा नैतिक मूल्यमान्यता र कृषि जीवनको चित्रण सम्वन्धी अभिव्यक्ति यस अध्यायवाट अभिव्यक्त गरिएको छ ।

अध्याय छ

## उपसंहार

फलेवास क्षेत्रका लोकगीतहरुको सङकलन, वर्गीकरण र विश्लेषण गर्ने काम भएको छ । यसरी अध्ययन गर्दा विभिन्न विद्धानहरुका कृतिहरु तथा सामाजिक व्यक्तित्वहरुको सहयोग लिएर सम्पन्न भएको छ । यसरी अध्ययन पत्र सम्पन्न गर्दा अध्ययन पत्रको परिचय फलेवास जानकारी लोकगीतको सैद्धान्तिक पक्षको परिचय,फलेवास क्षेत्रका लोकगीतको सङ्कलन, वर्गीकरण तथा विश्लेषण गरि अध्ययन कार्यलाई पूर्णता दिई निष्कर्ष समेत दिने कार्य भएको छ । यस क्रममा अध्ययन पत्रको प्रस्तुत पाँचौ अध्यायमा अध्ययन पत्रको अध्यायगत साराशं र निष्कर्ष निरुपण गर्ने कार्य भएको छ ।

### ६.१ सारांश

प्रस्तुत अध्ययन पत्र **"फलेवास क्षेत्रमा प्रचलित लोकगीतको अध्यापन"** नेपालको गण्डकी प्रदेशमा पर्ने पर्वत जिल्ला राजनैतिक,सामाजिक र सास्कृतिक रुपले महत्वपूर्ण स्थान ओगट्ने जिल्ला हो । यस जिल्लामा रहेका विभिन्न न.पा.र गाउपालिका मध्ये फलेवास न.पा.पनि एक हो । यो फलेवास न.पा.मा नेपाली लोकगीतका दृष्टिकोणवाट पनि महत्वपूर्ण नै मानिन्छ । यस अध्ययन पत्रमा गर्ने काम भएको छ ।

यस अध्ययन पत्रको अध्ययन कार्यसम्पन्न गर्न विषयवस्तुलाई विभिन्न अध्यायमा विभाजन गरि अध्याय एकमा "अध्ययन पत्र परिचय" अन्तर्गत अध्ययन शीर्षक,अध्ययन कार्यको प्रयोजन,समस्या कथन, उदेश्य,पूर्वकार्यको समीक्षा,औचित्य,क्षेत्र र सीमा,अध्ययन विधिको वारेमा चर्चा गर्दै अन्त्यमा अध्ययन पत्रको नियम अनुसार अध्ययन पत्रको रुपरेखा प्रस्तुत गरिएको छ ।

अध्याय दुईमा फलेवास क्षेत्रको परिचय दिने कार्य गरिएको छ । यस सन्दर्भमा फलेवास क्षेत्रको नामाकरण,भौगोलिक परिचय,तिर्थस्थल ,हावापानी र जनसङ्ख्याको परिचय समेत दिएको छ ।

अध्याय तीनमा लोकगीतको सैद्धान्तिक परिचय राखिएको छ । यस सन्दर्भमा लोकगीतका विश्लेषणका प्रमुख तत्व र आधारको चर्चा गर्दै मुख्य आधार तत्वको रुपमा

संरचना,भाव र लयलाई विशेष रुपमा चिनाउने काम भएको छ । त्यसै गरि लोकगीतका विशेषताका रुपमा अज्ञात रचयिता,सामूहिकता,लयात्मकता,सरलता र मौलिकताको चर्चा समेत गरिएको छ ।

अध्याय चारमा फलेवास क्षेत्रका प्रचलित लोकगीतको परिचय र वर्गीकरण गरिएको छ । यस सन्दर्भमा यस क्षेत्रमा प्रचलित संस्कार गीत,कर्मगीत,पर्व गीत,वाह्रमासे गीत र ती गीतहरु भित्र पर्न आउने विभिन्न गीतहरुको परिचय दिदै तिनको विशेषता समेत दिदै निष्कर्ष समेत दिने कार्य गरिएको छ ।

अध्याय पाँचमा फलेवास प्रयत्नमा रहेका लोकगीतहरुमा अभिव्यक्त भएका विषयमावस्तुलाई विश्लेषण गर्ने कार्य गरिएको छ । यसरी विश्लेषण गर्दा विषयवस्तुका रुपमा रहेका सामाजिक,आर्थिक,सास्कृतिक,प्राकृतिक,नैतिक पक्ष,कृषि जीवनमा आधारित पक्षको समेत विश्लेषण गरि निष्कर्ष निकाल्ने कार्य गरिएको छ ।

## ६.२ निष्कर्ष एंव सुझाव

फलेवास क्षेत्रको लोकगीतहरुको अध्ययन र विश्लेषण गर्दा यस क्षेत्रका लोकगीतले नेपाली लोकगीतकै प्रतिनिधित्व गर्न सकेको देखिन्छ । यहाँका लोकगीतहरु भौगोलिक दृष्टिले नेपाली लोकगीत विकासमा लागि उल्लेखनीय योगदान पुर्‍याउने सफल भएको देखिन्छ । परापूर्वकालदेखि नै अनेकौ जातिको सभास्थल वनेको यस क्षेत्रले सजातीय र साझा संस्कार तथा संस्कृतिको आंशिक विकास गर्दै आएको छ । वस्तुत यस क्षेत्रमा लोकगीतलाई चार भागमा विभाजन गरि अध्ययन गरिएको छ । ती गीतहरुमा संस्कार गीत,कर्मगीत,पर्व गीत र वाह्रमासे गीतलाई प्राथमिक क्रमले वर्ग परिचय गराइएको छ । यी प्रकार्यका रुपमा विभाजन गरिएका चार प्रकारका गीतलाई पनि तिनका उप भेदमा छुट्याई अध्ययन एंव विश्लेषण गर्न सकिन्छ । यहाँका लोकगीतले विभिन्न लोक जीवनका सुख,दुख,प्रेम,रोदन,मिलन,विछोड, विरहका भावलाई गीतको माध्यमवाट व्यक्त गरेका छन् । तीज,तिहार,दशै,विवाह,व्रतवन्ध आदिमा गाइने सम्पूर्ण गीतमा विशुद्ध नेपाली संस्कृति बोलेको पाइन्छ । यहाँको सामाजिक मुल्य मान्यता रहनसहन,धार्मिक,साँस्कृतिक पक्ष,जीवनदर्शन,लोक विश्वास तथा यथार्थ जीवन शैलीको प्रतिबिम्व यहाँका लोकगीतवाट छर्लङ्ग हुन्छ ।

फलेवास क्षेत्रमा गाइएका लोकगीतहरुको अध्ययन,विश्लेषण गर्दा प्रचलित एंव विकसित र लोपोन्मुख गीत हेर्न सकिन्छ । त्यस अन्तर्गत रत्यौली गीत,असारे गीत, तीजे, भैली, देउसी, भजन, सालैजो गीत लोक तत्वका दृष्टिले पनि अत्यन्तै महत्वपूर्ण रुपमा देखा पर्दछन् । यस क्षेत्रमा अत्यन्तै विकसित रुपमा रहेको गीत दोहोरी गीत हो ।

फलेवास क्षेत्रमा केही गीतहरु यस्ता लोपोन्मुख अवस्थामा रहेका गीतहरुमा मागल गीत,जेठे गीत,दाई गीत,मालासिरी गीत पर्दछन् । यस्ता लोप हुने अवस्थाका गीतहरुलाई वचाई राख्न यी गीतहरुको अध्ययन गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ । यहाँका लोकगीतलाई वचाई राख्न जिल्ला तथा केन्द्रीय सरकारले पनि सहयोग पुर्‍याउन आवश्यक छ । यस्तै स्थानीय स समाजले पनि यहाँका लोकगीतका अध्ययन,विश्लेषण एंव संरक्षणमा सहयोग पुर्‍याउन पर्दछ । लोकगीतका अध्येताहरुलाई भावी अनुसन्धानका निम्ति उपयोगी शीर्षकहरु सुझाउनका लागी यहाँ उल्लेख गरिएको छ ।

१. फलेवास क्षेत्रमा प्रचलित लोकगीतमा रसको प्रयोग,

२. फलेवास क्षेत्रमा प्रचलित संस्कार गीत र पर्व गीतको तुलनात्मक प्रयोग

३. फलेवास क्षेत्रमा प्रचलित लोकगीतहरुमा अलङ्कारको प्रयोग,

४. फलेवास क्षेत्रमा प्रचलित लोकगीतमा विम्व तथा प्रतीक विधान ।

निष्कर्षमा भन्नु पर्दा फलेवास क्षेत्रका लोकगीतहरुमा संस्कारजन्य भावना,पर्वहरुको महत्व,कर्म सम्वन्धी भावना र वाह्रैमहिना गाउन सक्ने विशिष्ट लोक भावना र व्यवहार पाइन्छ । त्यसै गरि सामाजिक जीवनका विविध पक्ष तथा आर्थिक जीवनका विधि पक्षहरुको उद्घाटन पनि भएको पाइन्छ साथै स्थानीय प्राकृतिक सम्पदा र कृषि व्यवसायमा आधारित सामाजिक जीवनका पक्षहरुको अभिव्यक्ति समेत भएको पाइन्छ ।

## सन्दर्भ कृति सूची


आचार्य गोविन्द (२०६२) , **लोकगीतको विश्लेषण,**काठमान्डौ पैरवी प्रकाशन ।

**आवधिक जिल्ला विकास योजना (२०७२)**,पर्वत जिल्लाको आवधिक विकास योजना,जिल्ला समन्वय समितिको कार्यालय )

थापा, धर्मराज (२०३०), गण्डकीका सुसेली,काठमान्डौ नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

थापा,धर्मराज र हंसपुरे सुवेदी(२०४१) ,**नेपाली लोक साहित्यको विवेचना** ,काठमान्डौ पाठ्यक्रम विकास केन्द्र ।

न्यौपाने ,कुसुमाकर (२०४४) **पैयुखोले लोकगीतको संङ्कलन वर्गीकरण र विश्लेषण**,

पराजुली ,कृष्णप्रसाद (२०५७) **नेपाली लोकगीतको आलोक**,काठमान्डौ नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

पोखरेल,भानुभक्त(२०४०) **सिद्धान्त र साहित्य**, विराटनगर कुलचन्द्र शर्मा ।

बन्धु,चुडामणि (२०५८), **नेपाली लोक साहित्य**,काठमान्डौ एकता प्रकाशन ।

भट्टराई, अम्विका प्रसाद (२०५२) **तनहुँ ढोरका लोकगीतको संङ्कलन,**वर्गीकरण र विश्लेषण - अप्रकाशित स्नातकोत्तर) नेपाली केन्द्रीय विभाग,कीर्तिपुर ।

शर्मा, विष्णुहरी (२०६७), कास्कीकोट क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन (अप्रकाशित स्नातकोत्तर शोधपत्र), पोखरा नेपाली विभाग पृथ्वी नारायण क्याम्पस)

शर्मा,मोहनराज र खगेन्द्र प्रसाद लुईटेल (२०६३),**लोकवार्ता विज्ञान र लोक साहित्य,**काठमान्डौ विधार्थी पुस्तक भण्डार ।